# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठमूमि

३ वर्ष उमेर नाघेका तर ५ वर्ष उमेर ननाघेका बालबालिकाहरुको शारीरिक, मानसिक, भौतिक, शैक्षिक र संवेगात्मक विकासका लागि सञ्चालन गरिएको बालगृहलाई बालविकास केन्द्र भनिन्छ। राज्यको प्रत्येक शहरका प्रत्येक टोलमा वा प्रत्येक गाउँ- गाउँमा कम्तिमा १/१ वटा बालविकास केन्द्र रहनु पर्ने व्यवस्था छ। बालविकास केन्द्रमा ३ वर्ष उमेर पुगेकालाई बालशिक्षा, ४ वर्ष पुगेका तर ५ वर्ष ननाघेका बालबालिकालाई पूर्व प्राथमिक शिक्षा दिनुपर्ने व्यवस्था छ। वि.सं.२०२२ सालदेखि बालमन्दिरको स्थापना गरी बालशिक्षाको रुपमा छुट्टै व्यवस्था गरेको भए पनि हाल यसलाई विद्यालयकै संरचनाको रुपमा समेटेर सञ्चालन गरिएको छ। बालविकास शिक्षाको लागि विद्यालयभित्र छुट्टै कक्षाकोठा, खेल्ने बगैंचा, खेल्ने मैदान एवम् आवश्यक आधारभूत कक्षाकोठाको व्यवस्था सहितको तालिमप्राप्त सहजकर्ताको व्यवस्था गरी दैनिक ४ घण्टासम्म बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र शैक्षिक विकासमा सहयोग गरी प्राथमिक शिक्षाका लागि सक्षम बनाउनु पर्ने प्रावधान छ। (बालविकान निर्देशिका, २०६१)

बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाका लागि मानसिक रुपमा तयार गर्न उपयुक्त शैक्षिक वातावरण, उपयुक्त कक्षाकोठा एवम् शिक्षण विधिको आवश्यकता पर्दछ। बालशिक्षामा सबभन्दा आवश्यक र उपयुक्त भनेको कक्षाकोठा हो। बालविकास कक्षाको उपयुक्त कक्षाकोठा भएमा बालबालिकाहरुको शैक्षिक र संवेगात्मक विकासमा वृद्धि हुन्छ। त्यसैले बालविकास कक्षाको कक्षाकोठा सफा, स्वाच्छ हावादार, भूँइबसाइको व्यवस्था भएको, खुला खेल्न सक्ने आकारको आवश्यक प्रकाशका व्यवस्था भएको, भूकम्पीय दृष्टिले सुरक्षित, खानेपानीको व्यवस्था भएको, झोला, खाजा, शैक्षिक सामग्री राख्ने ठाउँको व्यवस्था भएको मापदण्डमा आधारित हुनु पर्ने, दुर्गन्ध रहित कक्षाकोठा हुनुपर्ने प्रावधान छ। (निर्देशिका २०६१)

तथापी बालविकास कक्षाको कक्षाकोठाहरुको भौतिक अवस्था मापदण्ड विपरित देखिएको छ। छुट्टैकक्षाको व्यवस्था नगरी अन्य कक्षाहरुसंग एकै कोठामा राखिएको छ । कुनै विद्यालयको बालकक्षालाई कार्यालयभित्रै एक कुनामा राखेर सञ्चालन गरिएको पाइएको छ । छुट्टै कक्षकोठामा सञ्चालन गरिए पनि उपयुक्त भूइँबसाइ नभएको, कक्षाकोठाको अवस्था स्वाच्छ र सफा नभएको, धूलो मैलो र फोहर कक्षाकोठा पाइएको छ । स्वच्छ खानेपानी नभएको, उपयुक्त आकारका डेक्स, बेन्च, कालोपाटी, शैक्षिक सामग्री, खाजानास्ताको व्यवस्था नभएको र भूकम्पीय दृष्टिले समेत सुरक्षित नभएको पाइएको छ । यसरी मापदण्ड विपरितका कक्षाकोठामा बालबालिकालाई शिक्षण गर्दा बालबालिकाको स्वास्थ्य शारीरिक, मानसिक, संवेगात्मक एवम् शैक्षिक वृद्धिमा ह्रास हुने हुनाले कसरी बालबालिकाको यी चौतर्फी विकासमा टेवा पुऱ्याउन बालविकास कक्षाको कक्षाकोठाको आवस्था सुधार गर्न सकिन्छ भनि अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

प्रत्येक बाल विकास केन्द्रको कक्षाकोठाको आवस्थालाई नियाल्दा नाजुक अवस्था देखिएको छ । यस अवस्थालाई नियाल्दा विद्यालय निरीक्षक वा स्रोतव्यक्ति, प्रधानाध्यापक साथै सम्बन्धित विद्यालय व्यवस्थापन समिति र अभिभावकले नियन्त्रण, निर्देशन एवम् व्यवस्थि गर्न सकेको देखिदैन । सामान्य अनुगमन र सहयोगी तलबभत्ता निकासा गर्नु बाहेक प्रभावकारी व्यवस्थापन, विकास र सहयोग भएको देखिदैन । बालविकास केन्द्रको कक्षाकोठा सानो हुनु, घामपानी र हावाहूरी एवम् भूकम्पीय दृष्टिकोणले सुरक्षित नभएको पाइएको छ । धेरैजसो बालविकास केन्द्रहरुको छुट्टै कक्षाकोठाको व्यवस्था नभएको र अर्को कक्षासंग एकै कक्षाकोठामा आधा-आधा राखेर संचालन गरिएको छ । त्यस्तै कुनै बालविकास केन्द्रमा विद्यालयको कार्यालय कक्षामा नै राखेर सञ्चालन गरिएको पाइएको छ । छुट्टै कक्षाकोठा व्यवस्था भएको बालविकास केन्द्रको कक्षाकोठाहरु धूलोमैलो, कागज, ढुंगा, माटो, बालुवाहरु छरिएको देखिएको छ । स्वाच्छ, स्वस्थ्य र सुरक्षित भूँइबसाइ एवम् खाजापानीको व्यवस्था छैन । शैक्षिक सामग्रीहरुको अस्तव्यस्तताले कक्षाकोठा उदासिन देखिएको छ । तसर्थ बालविकास कक्षाका बालबालिकाहरुलाई कसरी स्वास्थ्य, सुरक्षित र सफा कक्षाकोठाको अवस्था सिर्जना गरी शिक्षण गर्न सकिन्छ ? कक्षाकोठालाई कसरी व्यवस्थित

बनाउन सकिन्छ ? बालविकास कक्षाका कक्षाकोठाको अवस्थालाई सुधार गर्न के गर्नुपर्छ ? भन्ने बारेमा अनुसन्धान गर्न उपयुक्त लागेकोले यसलाई शोध अनुसन्धानको विषयवस्तु बनाएको छ ।

## १.३ अध्ययनको औचित्य

राज्यले बालविकास केन्द्र मार्फत बालबालिकाहरुलाई स्वच्छ, स्वस्थ्य, सुरक्षित, स्वतन्त्र वा स्वच्छन्द शैक्षिक वातावरण दिएर बालविकासको स्तरउन्नती गर्ने प्रयास गरेको छ । बालबालिकाहरु भोलिका कर्णधार हुन्, उनीहरुलाई बालशिक्षाको उमेर देखि नै स्वस्थ्य शिक्षाको आवश्यकता पर्दछ र सोही अनुसारकै वातावरणमा शिक्षा दिनु पर्दछ भन्ने आदर्श थाहा हुँदाहुँदै पनि त्यसो हुन सकेकौ देखिदैन । मापदण्ड विपरित बालकक्षाका कक्षाकोठाहरु फोहर मैला र धूलो साथै अव्यस्थित शैक्षिक सामग्रीको रखाइले कक्षाकोठाहरु अस्तव्यवस्त देखिएको छ । छुट्टै बालकक्षाको व्यवस्था हुनुपर्नेमा त्यसो हुन सकेको छैन । स्वस्थ्य, सफा र व्यवस्थित कक्षाकोठाको व्यवस्था गर्नुपर्छ भन्ने कुरालाई बालकक्षाका सहयोगी शिक्षक, प्रधानाध्यापक, अभिभावक, सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई थाहा नभए झै देखिएको छ । त्यसैले छुट्टै बालकक्षाको व्यवस्था गर्नु, स्वस्थ्य कक्षाकोठा, सुरक्षित बालकक्षाको अवस्थामा सुधार गर्नु, स्वतन्त्र शैक्षिक वातावरणमा बालकक्षाको अवस्थालाई पुऱ्याउन सम्बन्धित सरोकारवालाहरुका लागि सहयोग मिल्नुका साथै यस विषयसँग सम्बन्धित शोधकार्य समेत हालसम्म त्यति भएको नदेखिनुका साथै यस कार्यले कसरी बालविकास केन्द्रका कक्षाकोठाहरुको अवस्था सुधार्न सकिन्छ भन्ने सन्दर्भमा सल्लाह, सुझावका महत्वपूर्ण सुझ प्रदान गर्न यस अनुसन्धानको औचित्य रहको छ ।

## १.४ अध्ययनको उद्देश्य

“प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था” सम्बन्धी अध्ययन गर्न निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएका छन् :

१. प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको वर्तमान अवस्था पत्ता लगाउने

२. बालविकासकेन्द्रको कक्षाकोठाका कठिनाइहरु पत्ता लगाउने ।

३. उपयुक्त कक्षाकोठाको अवस्था सुधार्ने उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्दा सम्बन्धित सरोकारवाला व्यक्तिहरु जस्तै सम्बन्धित विद्यालयका प्रधानाध्यापक, सहयोगी शिक्षक, अभिभावक, समिति र विद्यालय निरीक्षक वा स्रोतव्यक्तिसंग प्रश्नोत्तर गर्नुपर्ने भएकोले निम्न अनुसारका प्रश्नावलीहरु प्रयोग गरी उत्तर खोज्ने कार्य भएको थियो । उक्त प्रश्नावली निम्नानुसार छन् :

१. प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था कस्तो छ ?
२. बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्न के-के कठिनाइहरु छन् ?
३. बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्न के-के उपायहरु अपनाउनु भएको छ ?
४. बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्न नसक्नुका कारणहरु के के छन् ?
५. बालविकास केन्द्रको कक्षाको अवस्था सुधार गर्न के के योजना बनाउनु भएको छ ?
६. बालविकास केन्द्रको कक्षाव्यवस्थापन सम्बन्धी के के कानुनी प्रावधान छन् ?

## १.६ अध्ययनको परिसिमा

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्दा छोटो समय, थोरै स्रोत र साधनको प्रयोग गरी प्राज्ञीक ज्ञान प्राप्तिका लागि तोकिएको क्षेत्र र समय सीमा निर्धारणलाई नै अध्ययनको परिसिमा मानिएको छ । यहाँ बाल केन्द्रको कक्षाकोठाको अवस्थाको बारेमा अध्ययनको परिसिमा निम्न अनुसार निर्धारण गरिएका छन् :

१. संखुवासभा जिल्लाको चन्दनपुर स्रोतकेन्द्र अन्तर्गतका जालपा माध्यमिक विद्यालयको बालविकास केन्द्र ।
२. संखुवासभा जिल्लाको माङ्तेवा स्रोतकेन्द्र अन्तर्गतका कन्या निम्न माध्यमिक र वल्याङ निम्म माध्यमिक विद्यालयका २ वटा बालविकास केन्द्रहरु ।
३. सम्बन्धित बालविकास केन्द्रका १/१ गरि ३ जना प्रधानाध्यापकहरु ।

४. छनौटमा परेका बालविकास केन्द्रका १/१ गरि ३ जना सहयोगी शिक्षकहरु ।

५. छनौटमा परेका बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरु ।

६. छनौटमा परेका बालविकास केन्द्रका ६ जना बालबालिकाहरु ।

७. छनौटमा परेका बालविकास केन्द्रका अभिभावकहरु २/२ जना गरी ६ जना ।

८. सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना, निरीक्षकका रुपमा ।

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक आधार

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शोध शीर्षकसँग सम्बन्धित विषयमा अगाडि नै कुनै व्यक्ति वा संघसंस्थाले शोध अध्ययन गरेको वा नगरेको बारे जानकारी प्राप्त गर्ने तथा अध्ययन भएको भए उक्त अध्ययनले जानकारीमा ल्याएका तथ्यपूर्ण कुराहरु र प्रकाशमा ल्याउन नसकेका विषयवस्तु माथि समीक्षा गर्ने कार्यलाई नै सम्बन्धित साहित्यको पुनरावलोकन भनिन्छ । यी शोधको अध्ययनले यस अध्ययन अनुसन्धानमा महत्वपूर्ण र गहनता बोध गर्न मद्दत पुग्ने भएकोले सम्बन्धित लेख  वा शोधहरु माथि समीक्षात्मक अध्ययन गरी संक्षेपमा प्रस्तुत गरिएको छ ।

राउत (२०७०) ले संखुवासभा जिल्लाको खराङ गाउँ विकास समिति अन्तर्गत पर्ने विद्यालयमा आधारित ४ वटा बालविकास केन्द्रहरु र सोही क्षेत्रको समुदायमा आधारित १ वटा बालविकास केन्द्रमा आधारित भएर प्रारम्भिक बालविकास केन्द्रको अनुगमन शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको थियो । प्रारम्भिक बालविकास केन्द्रको अनुगमनको वर्तमान स्थिति र अनुगमनमा देखिएका समस्याहरुको पहिचान गर्दै समुदायमा आधारित र विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा तथा बालविकास केन्द्रको अनुगमनको तुलनात्मक अध्ययन गर्नु यस शोधको प्रमुख उद्देश्य रहेको छ । शिक्षाविद् फ्रोबेलको किन्डरगार्टन विधि तथा मन्टेसरी विधिलाई अध्ययन अनुसन्धानको सैद्धान्तिक आधार मानी गरिएको यस अनुसन्धानमा प्रारम्भिक बालविकास केन्द्रमा आवश्यक पर्ने तथ्याङ्कहरुलाई प्राथमिक र द्धितीय गरी दुई प्रकारका स्रोतहरुको प्रयोग गर्नु भएको थियो । प्रारम्भिक बालविकास केन्द्रको अनुगमनको क्रममा सम्बन्धित बालविकासकेन्द्रको ३ जना प्रधानाध्यापक शिक्षक सहयोगी ३ जना, व्यवस्थापन समितिका अध्यक्ष ३ जना, सम्बन्धित विद्यालयका ६ जना अभिभावक, सम्बन्धित संस्थाका अनुगमनकर्ता १ जना स्रोतव्यक्ति, १ जना सूचना सङ्कलनका स्रोतको रुपमा लिइएको थियो भने द्धितीय स्रोतका रुपमा हाजिरी पुस्तिका, विद्यार्थी विवरण पुस्तिका, कार्यालयका अभिलेख, शिक्षा ऐन, तथा नियमावली,

निर्देशिका, विद्वानहरुको भनाइ, विभिन्न लेखकका पुस्तकहरु र जिल्ला शिक्षा कार्यालयबाट प्रकाशित बालविकास प्रोफयलहरुलाई लिइएको थियो ।

तुलनात्मक रुपमा सामुदायिक बालविकास केन्द्र भन्दा विद्यालयमा आधारित बालविकास केन्द्र बढी सञ्चालन भएको देखिएको थियो । साथै विद्यार्थी संख्या पनि विद्यालयमा आधारित बालविकास केन्द्रमा बढी देखिएको थियो । त्यसैले सामुदायिक बालविकास केन्द्रमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रमा आकर्षण बढाउनु पर्ने देखिएको छ । संस्थागत वा बोर्डिङ्ग स्कूलको आकर्षणले बालविकास केन्द्र तर्फ अभिभावकको रुचि घटेको भए पनि विद्यालयमा आधारित बालविकास केन्द्र नेपालको परिप्रेक्ष्यमा स्वभाविक देखिएको छ । अनुगमनको पक्षमा हेर्दा विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमनमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक र स्रोतव्यक्तिबाट हुन्छ भने सामुदायिक बालविकास केन्द्रको अनुगमन खासै नभएको कुरा व्यक्त गरिएको छ । विद्यालयमा आधारित बालविकास केन्द्रको अवस्था राम्रो देखिएकोले सम्पूर्ण बालविकास केन्द्रहरुलाई विद्यालयको संरचना भित्र गाभेर सञ्चालन गर्नु पर्छ तर बालकेन्द्रको छुट्टै भवन वा कक्षा कोठाको व्यवस्था गरी सम्बन्धित विद्यालयदेखि मात्रै नभएर सरोकारवालाहरु र सम्बन्धित निकायहरुबाट  केन्द्रस्तरीय, जिल्लास्तरीय, स्रोतकेन्द्रस्तरीय र स्थानीय स्तरमा समेत विभिन्न संयन्त्रहरु निर्माण गरी प्रभावकारी ढंगबाट नियन्त्रण, निर्देशन र व्यवस्थापन गरी सञ्चालन गर्नु वा कार्यान्वयन हुनु पर्दछ भन्ने कुरा सुझावको रुपमा प्रस्तुत गर्नु भएको छ । (राउत, उमेश कुमार २०७०) ।

(राई, २०७०), ले धनकुटा जिल्लाको खोकू गाउँ विकास समितिको खोकू स्रोतकेन्द्र अन्तर्गत ३ वटा विद्यालयमा सञ्चालित ३ वटा बालविकास केन्द्रलाई नमुना छनौट गरी यो शोधपत्र तयार गर्नु भएको थियो । प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्थाको पहिचान र व्यवस्थापनमा देखिएका समस्याहरुमाथि विश्लेषण गरी समाधानका लागि सुझावहरु पेश गर्नु यस शोधको मुख्य उद्देश्य रहेको थियो । यस शोधलाई वैज्ञानिक व्यवस्थापन र मानव सम्बन्ध सिद्धान्तका आधारमा परिणात्मक, गुणात्मक तथा मिश्रित आदि तीन किसिमका अनुसन्धानात्मक विधिद्वारा पूरा गर्नुभएको थियो ।

यस शोधका लागि छनौटमा परको बालविकास केन्द्रका सहयोगी शिक्षक, बालबालिका, प्रधानाध्यपक, व्यवस्थापन समितिका अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरुलाई जनसङ्खीय तथ्याङ्कका रुप मानेर तथ्याङ्क संकलनका नमुनाका रुपमा ३ जना सहयोगी शिक्षक, ३ जना प्रधानाध्यापक, ६ जना बालबालिका र ६ जनाकै दरमा अभिभावकहरुलाई छनौट गरेर यस शोधको लागि अध्ययन पूरा गर्नु भएको थियो । अवलोकनमा तथ्याङ्कको स्रोतलाई प्राथमिक र द्धितीय गरी दुई किसिममा प्रस्तुत गरिएका छन् । शोधकर्तालाई व्यवहारिक, उद्देश्यमूलक तथा विश्वासनीय बनाउन प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, कक्षाअवलोकन गरेको कुरा व्यक्त गर्नु भएको थियो ।

हाल प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन कमजोर रहेको, उपयुक्त र पर्याप्त बसाइ व्यवस्थापनका लागि ध्यान नपुगेको, चिसो, हावाहूरीबाट जोगाउन र पर्याप्त कक्षाकोठाको व्यवस्था नभएकोले बालबालिकाको मनोवैज्ञानिक, शारीरिक, मानसिक र संवेगात्मक पक्षलाई विकास गर्ने किसिमको व्यवस्था गरेमा बालबालिकाको चौतर्फि विकास हुन्छ र स्वा्स्थ्य सिकाइ र स्वस्थ्य शिक्षा बालबालिकाले पाउँछन् । तर यस किसिमको व्यवस्था हुन नसकेकोले विषयवस्तुमा आधारित सिकाइ प्रविधिको विकास गरी चौतर्फि विकासका निम्ति सम्पूर्ण क्रियाकलापहरु एकीकृत गर्ने ज्ञान, अवधारणा र सीपको विकास गर्ने खालका सिकाइ हुनु पर्छ भन्ने धारणा व्यक्त गर्नु भएको थियो । बालविकास कक्षाको छुट्टै व्यवस्था, सुरक्षित बसाइको व्यवस्था, राष्ट्रिय मापदण्डले तोके अनुसारको आधारभूत आवश्यकतालाई पूरा गरी बालविकास कक्षा व्यवस्थापन गर्नु, सहयोगी शिक्षकका साथमा बालविकास कक्षा व्यवस्थापन सम्बन्धी सेमिनार, गोष्ठी समयसमयमा गरिहनु पर्ने, बालविकासको कक्षाव्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्बन्धित पक्षहरु प्रधानाध्यापक, सहयोगी शिक्षक, अभिभावक, समिति र निरीक्षकका बीचमा भइरनु पर्ने कुरा व्यक्त गर्नु भएको छ । शैक्षिक सामग्रीको उचित व्यवस्था, उपयुक्त फर्निचरको व्यवस्था, सुरक्षित कक्षा व्यवस्थापन, पाठ्यक्रम र सिकाइ बीच तादाम्यता हुनु पर्ने, मूल्याङ्कन प्रणालीमा स्पष्ट, वैज्ञानिकीकरण गर्दै बालबालिकाहरुको शारीरिक, मानसिक संवेगात्मक, शैक्षिक, बौद्धिक र सामाजिक पक्षको विकास गर्न सक्ने किसिमका स्वस्थ्य कक्षा एवम् स्वस्थ्य शिक्षाको व्यवस्थापन गर्न सम्बन्धित सरोकारवालाहरुमा सुझाव समेत पेश गर्नु भएको छ । (राई, वसन्ती २०७०) ।

दाहाल, सावित्रा (२०७२) अनुसार साना बालबालिकाको लागि खाना भन्दा ठूलो कुरा पढाइ हुन सक्दैन । प्रसिद्ध मनोवैज्ञानिक मास्लोको उत्प्रेरणाको सिद्धान्तमा आवश्यकताको प्राथमिकता निर्धारण गर्दै भनिएको छ - मानिसले अति आवश्यक र महत्वपूर्ण कुरा पूरा भएपछि मात्र अन्य आवश्यकता महशुस गर्छ । बालबालिकाको पेट भोकै छ भने, उसलाई खाजा वा खानेकुराको आवश्यकता छ भने पढाइमा ध्यान जादैन । त्यसैले बालबालिकालाई पढाइप्रति ध्यानाकर्षण गराउन दिउसोको खाजाखाने व्यवस्था प्रभावकारी रुपमा कार्यन्वयन गर्नुपर्छ । खाजा खाने व्यवस्था गर्नु बालविकास केन्द्रको कक्षा कोठाको व्यवस्थासँग पनि सम्बन्धित उद्देश्य पूरा गर्न सहयोगी साहित्य भएकोले यहाँ विश्लेषण गर्ने कार्य गरिएको छ। यस साहित्यमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयको तुलनात्मक उदाहरणद्वारा स्पष्ट पार्ने काम भएको छ । संस्थागत विद्यालयमा आजको प्रभावकारी व्यवस्था भएकोले पढाइ राम्रो भएको र सामुदायिक विद्यालयमा खाजाको व्यवस्था नभएकोले शैक्षिक प्रभावकारिता राम्रो छैन । जसले गर्दा बालबालिकाहरु कक्षा छाड्ने र पढाइमा कमजोर हुने गर्दछ । त्यसैले सामुदायिक विद्यालयमा समेत खाजाको व्यवस्था गर्नु पर्ने निश्कर्ष दिनुभएको छ ।

बालबालिकाहरु खाजाको भोको हुन्छन् । उनीहरुलाई खानेकुराको धेरै आवश्यकता परेको हुन्छ । त्यसैले खानेकुरामा धेरै ध्यान दिन्छन । विद्यालयमा भोक लाग्न साथ पढाइबाट ध्यान हट्छ र शिक्षण सिकाइमा ध्यान हुदैन । जतिसुकै राम्रो शिक्षण गरे पनि विद्यार्थीको ध्यान पढाइमा नभए पछि शिक्षण प्रभावकारी हुदैन । त्यसैले शिक्षणका साथमा बालबालिकाको लागि खाजाको व्यवस्था गर्नुपर्छ तर खाजा स्वास्थ हुनु पर्ने, खाजामा जङ्कफुड हुनुहुदैन भन्ने कुरा व्यक्त गर्नुभएको छ ।

विद्यालयका बालबालिकाको पोषणको विद्यमान अवस्थालाई सुधार गर्न, विद्यालयलाई स्वास्थ्य शैक्षिक स्थलका रुपमा विकास गर्न विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरु भइरहेका छन् । विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र संघिय बालकोष र विश्व बैंकको संयुक्त प्रयासमा सन् २००२, सेनेगलमा सम्पन्न विश्व शिक्षा मञ्चका अवसरमा “प्रभावकारी विद्यालय स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन” को रुपरेखा तयार पारिएको छ ।

त्यस्तै गरेर नेपाल सरकारले विभिन्न दातृ संस्थाको सहयोगमा सुदूरपश्चिमाञ्चलका विभिन्न जिल्लाका विद्यालयमा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । झापा जिल्लाको कतिपय सामुदायिक विद्यालयले आफैं व्यवस्था गरेर खाजा खुवाउदै आइरहेका छन् । खाजाको व्यवस्थाले विद्यार्थीको विद्यालय छोड्ने दर घटेको छ र शैक्षिक गुणस्तरमा सहयोग पुगेको छ ।

विद्यालयमा बालबालिकाहरुका लागि खाजा व्यवस्था गर्नु पर्छ भन्ने बारेमा झापा जिल्लाका नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष तेजप्रसाद चौलागाईको भनाइ - "खाजा खुवाइ कार्यक्रम अप्ठ्यारो छैन । यसलाई सम्भव बनाउन धेरै क्षेत्र र निकायको अलिअलि सहकार्य चाहिन्छ तर पनि मुख्य भूमिका विद्यालयको हुन्छ । यसका लागि अभिभावक र विद्यार्थीमा चेतना बढाउनु पर्छ । यस बारे अभिभावकले चासो देखाउनु पर्छ । व्यवस्थापन समितिले स्रोत खोज्नु पर्छ र जिल्ला शिक्षा कार्यलयले सहयोग गर्नु पर्छ " भन्ने कुरा व्यक्त गर्नु भएको छ । आदर्श उच्च माध्यमिक विद्यालयमा झापा, मेचिनगरका शिक्षक तोया दाहालका अनुसार "हाम्रो विद्यालयमा बालबालिकालाई खाजा खुवाउने व्यवस्था छ । यसै गरी अन्य सामुदायिक विद्यालयमा पनि खाजा खुवाउनु पर्छ । खाजा खुवाएकै कारण विद्यार्थीहरु टिफिनमा विद्यालय छोडेर भाक्दैनन् । यसले पढाइमा स्तर वृद्धि भएको छ । त्यसैले सरकारले सामुदायिक विद्यालयमा समेत खाजा खुवाउने व्यवस्थाको नीतिलाई सञ्चालन गर्नु पर्छ भन्ने सल्लाह समेत दिनुभएको छ ।

विद्यालयका बालबलिकालाई खाजाको व्यवस्था गर्नु पर्ने आवश्यकता हुदाहुदै पनि विभिन्न कठिनाइहरु देखिएका छन् । त्यस मध्ये सरोकारवालाको इच्छा शक्तिको खाँचो हुनु, नीतिगत व्यवस्था नहुनु, बजेट नभएको, सरोकार वालाहरुको चेतनामा कमि भएको, राज्यले दिने सुविधामा त्रुटिपूर्ण मापदण्ड र प्रभावकारी सुपरिवेक्षण वा अनुगमनको कमि भएको छ भने यसलाई सुधार गर्नका लागि विभिन्न उपायहरु अपनाउनु पर्छ भने ती उपायहरु निम्न अनुसार उल्लेख गरिएका छन् :

१. विद्यालयका बालबालिकामा खाजा खाने अनिवार्य नीतिको व्यवस्था गर्ने ।

२. निम्नस्तरका विद्यार्थीलाई सरकारले व्यवस्था गर्ने ।

३. विभिन्न क्लब, रेडक्रस, स्काउटमा संलग्न विद्यार्थीलाई परिचालन गरि सहयोग संकलन गर्न लगाइ कोष जम्मा गरिदिने ।
४. खाजाको व्यवस्थाका लागि विद्यार्थीको अभिभावकलाई नै परिचालन गर्ने ।
५. सबल अभिभावकबाट आर्थिक सहयोग लिएर आर्थिक रुपले कमजोर वर्गका बालबालिकालाई सहयोग गर्ने ।
६. जिल्ला शिक्षा कार्यलयले विभिन्न सरोकारवाला संस्था वा निकायसँग समन्वय गरी खाजाको लागि पहल गर्ने ।

यी उपायहरुका साथमा विद्यालय, स्थानिय समुदाय, स्थानिय गैर सरकारी संस्था, अभिभावक, स्थानिय निकाय, जिल्ला शिक्षा कार्यलय आदि सबैले आ-आफ्नो ठाउँबाट प्रयास गरे सानासाना बालबालिकालाई भोको पेटमा पढाउनु पर्दैन र विद्यार्थीले कक्षा छोडेर घर जाने समस्या कम भइ पढाइको स्तर वृद्धि हुन्छ । यसले शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने निश्कर्ष प्रदान गर्नुभएको छ ।

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी रुपमा अगाडि बढाउन सम्पूर्ण सरोकारवाला संघसंस्था, व्यक्ति, शिक्षक, अभिभावक, प्रधानाध्यापक, बालबालिकाहरु र स्रोतव्यक्ति अथवा विद्यालय निरीक्षकहरु वीच वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तलाई कार्यान्वयनमा प्रयोग गर्नु पर्छ भन्ने निचोड दिनु भएको छ । वास्तवमा यस किसिमको सैद्धान्तिक आधारको मार्गमा लागे अवश्यै पनि लक्षित उद्देश्य समेत पूरा हुन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोधअध्ययनको विषय शीर्षक, प्रकृति र क्षेत्रलाई मनन् गरी “वैज्ञानिक व्यवस्थापनका सिद्धान्त” र “मानव सम्बन्ध सिद्धान्त” लाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा प्रसारण गरी प्रस्तुत गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको प्रतिपादक फ्रेडरिक विन्स्लो टेलर हुन् । उनले यस सिद्धान्तलाई सन् १९११ मा प्रतिपादन गरी प्रस्तुत गरेका थिए । यस सिद्धान्तअनुसार कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले त्यो काम राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्दछ भन्ने जाँच गर्नु यस सिद्धान्तको मुख्य आशय हो । सही कामको लागि सही व्यक्ति छान्न, कामदारको कार्यकुशलतामा वृद्धि ल्याउनु, कार्यप्रति मानसिक क्रान्ति ल्याउनु, लागतमा कमी ल्याइ व्यवस्थापकीय कार्यमा वैज्ञानिक दृष्टिकोणलाई लागू गर्नु भन्ने सन्देश यस सिद्धान्तको रहेको छ । त्यसैले यस सिद्धान्तलाई बालविकास कक्षाको अवस्थालाई सुधार गर्नका लागि सहयोगीको कार्यकुशलतामा वृद्धि गर्नु, सम्बन्धित सरोकारवालाहरुको लागत बालविकास केन्द्रको कक्षाकोठाको व्यवस्थापनमा राम्रो र किफायती ढंगबाट व्यवस्था गर्ने सीप विकास गर्नु, बालकक्षाको शैक्षिक अवस्थामा वृद्धि गर्न कस्तो किसिमको शैक्षिक वातावरण आवश्यक पर्दछ, सोही किसिमको शैक्षिक वातावरण तयार गर्नु, शिक्षण सिकाइ कार्यकुशलतामा वृद्धि गर्नु, शैक्षणिक गतिविधिहरुमा कामको बाँडफाँड गर्नु शिक्षकलाई कक्षा व्यवस्थापनमा सघाउनुका साथै कार्यकुशलतामा निपूण बनाउने कार्यमा यसको ज्ञान प्रसारण गरी प्रयोग गर्न सकिन्छ । (काफ्ले, वासुदेव गिरिराज पौडेल २०६४) ।

बालविकास केन्द्रको कक्षा व्यवस्थापनमा सहयोगी शिक्षक, सम्बन्धित विद्यालयको प्रधानाध्यापक, समिति तथा अभिभावकहरुबीच पारस्परिक सल्लाह, सहयोग, सुझाव आदानप्रदान हुनु आवश्यक छ । साथै सिकाइक्रियाकलापको मुख्य जिम्मेवार व्यक्ति सहयोगी कार्यकर्ता भएको कारण तालिमका माध्यमबाट बालमनोविज्ञान, शिक्षण कार्यकुशलता, कक्षाव्यवस्थापनका लागि जानकार बनाउन यस सिद्धान्तको ज्ञान प्रसारण गराइ सहयोग प्रदान गर्ने सीप प्रदान गरी प्रधानाध्यापक, सरोकार पक्षका सबैलाई मजबुत बनाउन सकिन्छ ।

## २.२.२ मानव सम्बन्ध सिद्धान्त

मानव सम्बन्ध सिद्धान्तको प्रतिपादक जर्ज मायो इल्टन (सन् १९२६-१९३२) हुन् । उनले वैज्ञानिक व्यवस्थापनको सिद्धान्तद्वारा प्रतिपादन गरेको मान्यताले अवलम्बन गर्न नसकेको अवस्थामा विकास गरेका हुन् । यस सिद्धान्त अनुसार कुनै पनि काम कुशलतापूर्वक सम्पन्न गर्नका लागि मानव- मानव बीच मानवीय सम्बन्ध आवश्यक पर्दछ । मानवीय सम्बन्ध प्रगाढ भएमा मात्र कुनै पनि कार्य सम्पन्न गर्न सकिन्छ भन्ने कुरा व्यक्त गर्दछ ।

जर्ज मायो इल्टनले यस मानव सम्बन्ध सिद्धान्तलाई वेष्टर्न इलेक्ट्रिकल कम्पनीको “हर्थोन कम्पनी”मा प्रतिपादन गरेको हुनाले यस सिद्धान्तलाई “हर्थोन प्रयोग” को नामले चिनिएको छ । यस सिद्धान्तका अनुसार मानिसहरु समुदायमा बसेर काम गर्न रुचाउँछन्, मानवीय सम्बन्ध सिद्धान्त अनुसार मानिसहरु समुदायमा बसेर काम गर्छन । मानवीय मूल्य र मान्यताको अपेक्षा गर्दछन् , आर्थिक प्रोत्साहनलाई आवश्यक ठान्दछन् । आफूलाई पनि अरुले महत्व दिऊन् भन्ने चाहान्छन् । काम गर्ने वातावरण तयार पारिदेओस्, सरसल्लाह, मार्गनिर्देश र अभिप्रेरणा दिओस् भन्ने चाहान्छन् । (काफ्ले, वासुदेव र गिरिराज पौडेल, २०६४)

विद्यालय एउटा समाज हो । जहाँ विभिन्न जातजाति, भाषाभाषी, लिंग, वर्ण, क्षेत्र, वर्ग, संस्कृति र विभिन्न स्तरका बालबालिकाहरु हुन्छन् । ती सबै बालबालिकाहरु मिलेर सामूहिक सिकाइ गर्न रुचाउँछन् र प्रत्येक बालबालिकाले आफूलाई शिक्षकहरु तथा साथीहरुले महत्व, माया औ चासोका साथ शिक्षण र सिकाइका साथ सकारात्मक एवम् विकासात्मक व्यवहार गरोस् भन्ने चाहान्छन् । त्यति मात्र नभएर बालविकास केन्द्रको कक्षाकोठाको अवस्थालाई सुधार गर्न बालबालिका, सहयोगी शिक्षक, प्रधानाध्यापक, अभिभावक, व्यवस्थापन समिति तथा विद्यालय निरीक्षकको बीचमा नजिकको मानवीय सम्बन्ध रहनु पर्दछ र अवस्था सुधारका लागि निरन्तर अन्तरक्रिया, छलफल गरी निश्कर्ष निकालेर बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार गर्न यस मानव सम्बन्ध सिद्धान्तको महत्वपूर्ण भूमिका रहनेछ ।

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्ने उत्तरदायित्व सहजकर्ताको मात्र होइन । अन्य शिक्षक, विद्यालय, प्रशासन, सञ्चालक समिति लगायत अन्य सरोकारवाला पक्षहरुले समेत दायित्व वहन गर्नुपर्दछ । सबैले जिम्मेवारी महसुस सरोस्, सहायता गरोस् भन्ने सहयोगी शिक्षकको सोच हुन्छ । सबैले सहयोग गरेको खण्डमा सहयोगी शिक्षक र बालबालिकाको उच्च मनोबल हुन्छ । कक्षाकोठा व्यवस्थापन गर्न प्रधानाध्यापकलाई आवश्यक सहयोग, सल्लाह सुझाव, ठोस निर्देशन दिन सके कक्षाकोठाको अवस्था सुदृढ भइ अपेक्षित उद्देश्य पूरा हुन सक्दछ ।

### २.२.३ मन्टेश्वरी शिक्षण विधि

मन्टेश्वरी शिक्षण विधि मारिया मन्टेश्वरीले प्रतिपादन गरेको हो । उनको यस शिक्षण विधि अनुसार विद्यार्थीहरुलाई खुला रुपमा आफ्नो आन्तरिक विचारहरुलाई प्रष्फुटन गर्न पाउने वातावरणमा शिक्षा प्रदान गर्नुपर्दछ । बालबालिकाहरुको आफ्नो अभिव्यक्ति दिन पाउने वातावरण हुनुपर्दछ । त्यसमा विभिन्न तरिकाबाट खेलेर, बोलेर, नाचेर गाएर, उफ्रेर अथवा विभिन्न व्यवहारिक कुराहरुबाट ज्ञान प्राप्त गर्ने गरी शिक्षा पाउनु राम्रो हुन्छ । त्यसैले बालविकास कक्षाको शिक्षालाई पनि यही विधिमा शिक्षण गर्नु पर्दछ । यस शिक्षण विधि अनुसार प्रारम्भिक बालविकास कक्षाका कक्षाकोठा छुट्टै भवनमा हुनुपर्दछ । खुला १८×१६×८ को आकारको कक्षा हुनुपर्दछ । भूइँ बसाइको व्यवस्था, उपयुक्त फर्निचर, सुरक्षित र स्वस्थ वातावरण सुविधा सम्पन्न, शैक्षिक सामग्री र त्यसको प्रयोगको बालबालिकाको पहुँचमा रहेको सुन्दर कक्षा र शैक्षिक सामग्रीले भरिपूर्ण भएको हुनुपर्दछ । ती वातावरणमा व्यवहारिक र स्वच्छन्द तरिकाले शिक्षण सिकाई गर्न पाउनुपर्दछ । यसरी प्रत्येक बालकक्षामा यस मन्टेश्वरी शिक्षण विधिलाई अवलम्बन गर्न सके शैक्षिक बृद्धि राम्रो हुने निष्कर्ष रहेको छ ।

यसरी प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुदृढ गर्न सहयोगी शिक्षक तालिमप्राप्त हुनुपर्ने, जागरुक, बाल मनोवैज्ञानिक हुन पर्ने विद्यालय प्रशासन, सञ्चालक समिति, अभिभावक सबैले आफ्नो जिम्मेवारी बहन गर्नु पर्दछ  भन्ने मान्यताका साथै वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ तथा

बालविकास कक्षा पनि एउटा सानो समाज हो । त्यहाँ हुने बालबालिकाहरु आफ्नो इच्छा र आवश्यकता अनुसार समान व्यवहार, आदर गर्नुपर्ने र सबैबीच असल मानवीय सम्बन्ध कायम हुनुपर्ने  मान्यता राख्दछ । त्यसैले मानव सम्बन्धको सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ । साथै बालबालिकाले स्वच्छ र स्वतन्त्र रुपले शान्त एवम् रमणीय वातावरणमा विभिन्न शैक्षिक सामगीहरुको साथमा शिक्षण सिकाइ गर्‍यो भने सिकाई राम्रो हुन्छ भन्ने मान्यता राख्दछ र सोही अनुरुपको शिक्षण दिनुपर्दछ भन्ने निष्कर्ष रहेको छ ।

## २.३ अनुसन्धानका पुनरावलोकनको प्रयोग

अनुसन्धानका लागि पुनरावलोकन गर्नु भनेको सम्बन्धित साहित्यको गहन विश्लेषणबाट निश्कर्ष खोजी गर्नु हो । यो अध्ययन अनुसन्धान तथा पुनरावलोकन गरिएका साहित्यहरुले यो शीर्षकसंग सम्बन्धित के के र कस्ता -कस्ता अनुसन्धान भएका छन् पत्ता लगाउन, अनुसन्धानको ढाँचा तयार गर्नु, अनुसन्धानका लागि प्रयोग गर्नुपर्ने विधि, जनसंख्या, नमुना छनौट लगायत अनुसन्धानलाई निश्कर्ष दिने र सुझावहरु प्रस्तुत गर्न समेत सहयोग पुर्‍याएको हुँदा यो अनुसन्धानमा पुरावलोकित साहित्यको पूर्ण प्रयोग गरिएको छ ।

# परिच्छेद तीन :
# अनुसन्धानको ढाँचा

## ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि समस्या र विषयको बारेमा विस्तृत जानकारीका साथ अध्ययन अनुसन्धान गरी निश्कर्षमा पुग्ने निश्चित विधि र तरिका हुन्छन् । त्यसलाई नै अनुसन्धानको ढाँचा भनिन्छ । अनुसन्धानमा सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णता समेट्ने गरी अनुसन्धानको ढाँचा तयार गर्नु पर्दछ । (अधिकारी, देवराज र ध्रुवलाल पाण्डे २०६७)

कुनै पनि विषयमा अनुसन्धान व्यवस्थित रुपमा सञ्चालन गर्नु भन्दा अगाडि तयार गरिने योजना र पूर्व निर्धारित स्वरुपलाई नै अनुसन्धात्मक ढाँचा भनिन्छ । (खनाल, २०६७) ।

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सम्बन्धि अध्ययन गर्न, अवस्था सम्बन्धि समस्याहरु पहिचान गर्न, प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्थालाई सुदृढ गर्न, कक्षाकोठाहरुलाई स्वस्थ्य सुरक्षित र उपयुक्त बनाउन सुझावहरु दिनु, अभिभावक, सहयोगी शिक्षक र अन्य सरोकारवालाहरुसंग छलफल, सुझाव बुझ्न, योजना निर्माणको प्रभावकारिता सम्बन्धि अध्ययन गर्ने आदि बारे सूचना संकलन गर्ने सन्दर्भमा गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्बन गरिएको छ ।

## ३.२ जनसंख्या तथा नमुना छनौट प्रक्रिया

### ३.२.१ जनसंख्या छनौट प्रक्रिया

अध्ययनका लागि छनौट गरिएका स्रोतकेन्द्र अन्तर्गत तोकिएका प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरु, शिक्षकहरु, अभिभावकहरु एवम् प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध राख्ने सम्पूर्ण व्यक्तिहरु नै जनसंख्याको रुपमा रहेका छन् ।

### ३.२.२ नमुनको छनौट प्रक्रिया

नमूना छनौटको रुपमा चन्दनपुर स्रोतकेन्द्र अन्तर्गतका जालपा माध्यमिक विद्यालयको एक वटा प्रारम्भिक बालविकास केन्द्र र माङ्तेवा स्रोतकेन्द्र अन्तर्गतका कन्या नि.मा.वि. र वल्याङ नि.मा.वि.का २ वटा प्रारम्भिक बालविकास केन्द्रलाई अध्ययन अनुसन्धानका लागि नमुना छनौट गरिएको थियो ।

अनुसन्धानको क्रममा सम्बन्धित पक्षहरुमार्फत तथ्याङ्क संकलन गर्नका लागि छनौटमा रहेका प्रारम्भिक बालविकास केन्द्रको कक्षा सञ्चालन रहेका विद्यालयहरुको प्रत्येक प्रधानाध्यापक गरी ३ जना, सहयोगी शिक्षकहरु ३ जना, प्रत्येक बालविकास केन्द्रका २/२ जनाका दरले ६ जना बालबालिकाहरु, २/२ जनाका दरले ६ जना अभिभावक, तीन जना व्यवस्थापन समितिका अध्यक्षहरु लिइ नमुनाको रुपमा लिइएको थियो । जसलाई निम्न अनुसार तालिकामा देखाइएको छ :

तालिका नं. १

नमुना छनौट विवरण तालिका

| क.सं. | विवरण | चन्दनपुर स्रोतकेन्द्र | माङ्तेवा स्रोतकेन्द्र | जम्मा | छनौट विधि |
|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | २ | ३ | उद्देश्यमूलक |
| २ | सहयोगी शिक्षक | १ | २ | ३ | ” |
| ३ | समितिका अध्यक्ष | १ | २ | ३ | ” |
| ४ | अभिभावक | २ | ४ | ६ | ” |
| ५ | बालबालिका | २ | ४ | ६ | ” |
| ६ | स्रोतव्यक्ति | दुवै केन्द्र हेर्ने | दुवै केन्द्र हेर्ने | १ | ” |
| | जम्मा | | | २२ जना | |

स्रोत : स्थलगत अध्ययन, २०७१

### ३.३ तथ्याङ्कको स्रोतहरु

यस अध्ययन अनुसन्धानमा तथ्याङ्क संकलनका स्रोतहरु प्राथमिक र द्धितीय गरी दुई किसिमका स्रोतहरु प्रयोग गरिएका थिए । जसलाई निम्न अनुसार प्रस्तुत गरिएका छन् :

#### ३.३.१ प्राथमिक स्रोतहरु

अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने सूचना सङकलनमा आवश्यक पर्ने र प्रत्यक्ष सहभागी हुने व्यक्तिगत माध्यमहरुलाई प्राथमिक स्रोतको रुपमा लिइन्छ । यहाँ प्राथमिक स्रोतका रुपमा नमुना छनौटमा परेका प्रधानाध्यापक, सहयोगी शिक्षक, व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावकहरु, विद्यालय निरीक्षक र स्रोतव्यक्ति, बुद्धिजिवीबाट समूह केन्द्रीत छलफल, अन्तर्वार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन आदि तरिकाले प्राप्त गरेको सूचनालाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

#### ३.३.२ द्धितीय स्रोतका रुपमा

द्धितीय स्रोतका रुपमा पूर्व सङ्कलित र प्रकाशित भएका विभिन्न साहित्य, लेख, पुस्तक र शोधपत्रहरु, विद्यालयका अभिलेख एवम् प्रतिवेदनहरु रहेका छन् ।

तालिका नं. २


तथ्याङ्कका स्रोतहरु

| क.सं. | प्राथमिक स्रोतहरु | संख्या | जम्मा | द्धितीय स्रोतहरु |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | ३ | बालबालिकाहरुको नामावली सूची |
| २ | सहयोगी शिक्षक | १ | ३ | अन्तर्वार्ता /टिपोट |
| ३ | समितिका अध्यक्ष | १ | ३ | प्रश्नावली |
| ४ | अभिभावकहरु | २ | ६ | साहित्यहरु |
| ५ | बालबालिकाहरु | २ | ६ | लेख/शोधपत्रहरु |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | २३ | विद्यालयका अभिलेख |

स्रोत : स्थलगत अध्ययन, २०७१

माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




## ३.४ तथ्याङ्क संकलनका साधनहरु

अध्ययन अनुसन्धानका सिलसिलामा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आंकडाहरुलाई निश्कर्षमा पुर्‍याउने जुन सामग्री हुन्छ, त्यसलाई तथ्याङ्क सङकलनका साधन भनिन्छ ।

यस अध्ययनको साधनको रुपमा लक्षित समूहकेन्द्रित छलफल, प्रधानाध्यापकहरुको व्यक्तिगत अन्तर्वार्ता, प्रश्नावली, तथ्याङ्क सङकलनका सूची आदिलाई लिइएका छन् । प्रश्नावलीहरुलाई अनुसूचीमा राखिएका छन् । यस अध्ययनमा वैधता र विश्वासनीयता कायम गर्न सरोकारवाला व्यक्ति वा समूहसँग भएको छलफल, अन्तर्वार्ता सूची, भेटघाट र अवलोकनबाट प्राप्त सूचना वा तथ्याङ्कलाई विश्लेषण गरी वास्तविकता खोज्ने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरु

नमूना छनौटमा परेका बालविकास केन्द्रहरुमा गएर प्रत्यक्ष अवलोकन, भेटघाट, छलफल, अन्तरक्रिया गरी तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । प्रत्येक छनौटका बालविकास केन्द्रको सहयोगी शिक्षक, प्रधानाध्यापक, अध्यक्ष, अभिभावकहरु एवम् बालबालिकाहरु र अन्य शिक्षकहरुबीच छलफल गरिएको थियो । बालविकास कक्षाका अवस्थाका बारेमा प्रत्यक्ष अवलोकन गरी अवस्था सुधारका निम्ति निश्कर्षहरु निकाल्ने कार्य गरिएका छन् ।

## ३.६ तथ्याङ्क विश्लेषणको प्रक्रिया

अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कहरुलाई आफ्नो दस्तावेजमा स्थापना गर्ने वा प्रयोग र व्याख्या गर्ने विधिलाई तथ्याङ्क विश्लेषणका विधि भनिन्छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएकोले प्रश्न र उद्देश्यमा केन्द्रित रही नमुना छनौटमा परेका जनसंख्यासँग गरिएको समूह केन्द्रित छलफल, व्यक्तिगत अन्तर्वार्ता, अवलोकन फारम, प्रश्नावली, सम्बन्धीत अध्ययनका टिपोट, सूची, विवरण, अभिलेख, दस्तावेज वा लेख, साहित्यहरुबाट प्राप्त तथ्याङ्कहरुलाई समूह विभाजन गरिएको छ । कतिपयलाई तालिकीकरण समेत गरिएको छ । बालविकास केन्द्रको कक्षाकोठाको अवस्थाको बारेमा व्याख्या विश्लेषण गरिएको छ । कक्षाकोठाको सुधारका लागि पूर्व स्थापित सिद्धान्त, अनुसन्धानात्मक प्रश्न एवम् पूर्व साहित्यसंग सम्बन्ध स्थापित गर्दै निश्कर्ष निकालिएको छ ।

# परिच्छेद चार :
# नतिजाको विश्लेषण

## ४.१ पृष्ठभूमि

नतिजाको छलफल वा विश्लेषण भन्नाले छनौट गरिएको शोध शीर्षक सम्बन्धि खोज अनुसन्धानबाट प्राप्त नतिजालाई के, कसरी, कस्तो किसिमले खोजी, अनुसन्धान, संश्लेषण, विश्लेषण, प्रकाशन, सुझाव, निश्कर्ष, उपाय एवम् त्यसलाई कसरी पूर्वस्थापित सिद्धान्त वा मान्यतासँग समायोजन गरी पुनर्स्थापना गर्नु भन्ने बुझिन्छ। त्यसैले यस परिच्छेदमा अध्ययनका उद्देश्यका आधारमा विविध अनुसन्धानका विधि र साधनहरुको प्रयोग गरी प्राप्त नतिजा वा सूचनालाई व्याख्या विश्लेषण गरिएको छ। तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित सरोकारवालाहरुसंग प्रत्यक्ष भेटघाट गरी छलफल, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन जस्ता प्राथमिक र द्वितीय स्रोतको सहयोगबाट प्राप्त सूचनाको आधार लिइएको छ। अध्ययनको उद्देश्य अनुरुप छनौटमा परेका बालविकास केन्द्रको कक्षाकोठाको वर्तमान अवस्था, कक्षाकोठाको अवस्थाका कठिनाइहरु, कक्षाकोठाको अवस्थालाई सुधार्ने उपायहरु खोजी गर्नु र देखिएका समस्याहरु समाधान गर्ने विभिन्न संयन्त्रहरु विकास सम्बन्धमा विश्लेषण गरिएको छ। यस अध्ययनको उद्देश्यमा उल्लेखित बुँदाहरुका आधारमा आवश्यकताअनुसारका बुँदाहरु, विवरण र तालिकाहरुको सहायताले व्याख्या गर्दै यस अध्ययनको, औचित्यलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त र मन्टेश्वरी शिक्षण विधिको खाकाको साथै सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यहरुलाई प्रतिस्थापन-प्रसारण गर्दै व्याख्या विश्लेषण गरिएको छ।

## ४.२ प्रारम्भिक बालविकास केन्द्रको कक्षकोठाको वर्तमान अवस्था

हाल नेपालमा अधिराज्यभर करिब २९,२७३ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा छन्। त्यसमध्ये संखुवासभा जिल्लामा ८४ वटा बालविकास केन्द्रहरु संचालनको अवस्थामा रहेका छन्। तथापी विविध कारणबस यी बालविकास केन्द्रहरु प्रभावकारी रुपमा संचालन

भएका छैनन् । कतिपय बालविकास केन्द्रहरु नाम मात्रको अवस्थामा रहेका छन् । त्यसैले बालविकास केन्द्रहरुबाट शिक्षाको प्रभावकारी शिक्षण हुन सकेको पाइदैन ।

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी संचालन गर्नको लागि प्रारम्भिक बालविकास कार्यक्रम संचालन निर्देशिका २०६१, प्रारम्भिक बालविकास दिग्दर्शन २०६२, नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र, राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शन पुस्तिका २०६७ आदिको व्यवस्था गरिएको छ । यस व्यवस्थाहरु अनुरुप बालविकास केन्द्रको कक्षाकोठा छुट्टै भवनमा रहनु पर्ने, बालबालिकाहरु स्वतन्त्र, स्वच्छन्द र स्वस्फूर्त भावनाहरु व्यक्त गर्नलाई लेख्नेपाटीहरुको व्यवस्था भएको, चित्रहरु कोर्न सक्ने, अक्षर र शब्दहरुको खेल खेल्न सक्ने ठाउँको व्यवस्था भएको, संकलित शैक्षिक सामग्रीहरुको प्रयोग गर्न सक्ने, उपयुक्त भूँइ बसाइ, सुत्ने, खेल्ने, पढ्ने, नाच्ने, उफ्रने र रमाउने ठाउँ भएको तथा आफ्नो पाठ्यपुस्तक, खाजा, झोलाहरु राख्न सक्ने सुरक्षित, स्वास्थ्य, सुन्दर, सफा हावाहुरी, घामपानी र भूकम्पीय दृष्टिकोणले सुरक्षित हुनु पर्ने मान्यता राख्दछ। घुम्ने, डुल्ने, बगैंचा भएको प्रयोग गर्न सक्ने चर्पी, धाराको व्यवस्था भएको मान्यता राख्दछ ।
(राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका- २०६७)

"प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था" शीर्षकमा अध्ययन अनुसन्धान गर्दा चन्दनपुर स्रोतकेन्द्र अन्तर्गत जालपा माध्यमिक विद्यालयको बालविकास केन्द्र, माङ्तेवा स्रोतकेन्द्रको २ वटा कन्या निम्नमाध्यमिक र वाल्याङ निम्नमाध्यमिक विद्यालयका बालविकास केन्द्रहरुलाई छनौट गरी अध्ययन गरिएको थियो । उक्त विद्यालयहरुका बालविकास केन्द्रहरुको अवस्था नाजुक देखिएको छ । राष्ट्रिय मापदण्डमा पुग्न सकेको छैन । त्यहाँ भौतिक अवस्था, शैक्षिक सामग्रीको असान्दर्भीक रखाइ, स्वस्थ्य सरसफाइको कमी, व्यवस्थापनमा कठिनाइ, कक्षाकोठाको अवस्था सुधारमा छलफल, लगानी र चासोको कमी देखिएकोले बालविकास केन्द्रको मर्म विपरित संचालन भइरहेको देखियो ।

### ४.२.१ जालपा बालविकास केन्द्रको कक्षाकोठाको अवस्था

अध्ययनको क्रममा चन्दनपुर स्रोतकेन्द्रको जालपा माध्यमिक विद्यालयमा रहेको बालविकास केन्द्रको अवलोकन गर्दा एउटै कक्षामा बालशिक्षा र कक्षा १ लाई संचालन गरिएको देखियो । कक्षाभरी अस्तव्यस्त तरिकाले काठैकाठ थुपारीएको, सरसफाइ नभएको बालुवा छरिएको, धूलैधूलो फैलिएको र कागजका डङ्गुर देखिएको थियो । कक्षाकोठाका भित्ताहरु भत्किएका, शैक्षिक सामग्री प्रयोग गर्न नसक्ने देखिएको छ । खाजा केटाकेटीले घरबाटै ल्याउने र खाजा राख्नको लागि काठको सानो र्‍याक देखिए पनि ढल्न सक्ने सम्भावना देखिएको छ । महिला सहयोगी शिक्षकको व्यवस्था भए पनि उनले बालविकास नपढाउने र अर्कै शिक्षकलाई जिम्मा दिएको हुँदा शिक्षण प्रभावकारी हुन सकेको छैन । बालकक्षाका शिक्षक धेरै दिन बिदामा बस्नाले बालकक्षा संचालनमा प्रभावकारीता देखिएको छैन । यस सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग अन्तर्वार्ता गर्दा बालकेन्द्रको कक्षाकोठाको अवस्थाका बारेमा ध्यानपुग्दा पुग्दै पनि नयाँ भवनहरु निर्माण भइरहेकोले यस्तो अवस्था भएको हो । काठहरु र बालुवाहरु पन्साउने ठाउँ छैन, कक्षाकोठा निर्माण गर्ने, आर्थिक पहुँच छैन । सामुदायिकमा हस्तान्तरित विद्यालय भएकोले सम्पूर्ण संचालनमा गाह्रो भएको छ । कक्षाकोठाको सफाइमा कक्षा शिक्षकको कमजोरी साथै प्रशासनबाट समेत निर्देशनको कमी भइरहेको छ । अन्य शिक्षकहरुको चासो नहुनु, अभिभावक र निरीक्षकहरुको समेत निर्देशन, निरीक्षणमा कमी भएको छ । महिला शिक्षकले बालकक्षामा अंग्रेजी माध्यमबाट कक्षा शिक्षण गर्न नसक्ने अवस्था आएकोले महिला शिक्षक भए पनि शिक्षणमा लगाउन सकिएको छैन । कक्षाकोठाको सुधार गर्न आर्थिक अवस्था कमजोर हुनु र सरोकारवालाहरुको चासो नहुनु नै मुख्य कारण रहेको कुरा छ । बालबालिकाहरुले “सरले पढाउनु हुन्छ, मीस आउनु हुन्न । सरले संधै ठूलो ठूलो स्वरले पढाउनु हुन्छ ” भन्छन् । अभिभावकले बालकक्षा कोठाको अवस्था सुधार गर्ने सम्बन्धी कार्यशाला गोष्ठीहरु नभएको कुरा व्यक्त गर्दछन्  साथै स्रोतव्यक्तिबाट खासै प्रभावकारी निर्देशन नभएको र विद्यालयका निरीक्षक कहिले पनि नपुगेको कुरा व्यक्त गर्छन् ।

### ४.२.२ कन्या बालविकासकेन्द्रको कक्षाकोठाको अवस्था

माङ्तेवा स्रोतकेन्द्र अन्तर्गत कन्या निम्नमाध्यमिक विद्यालयको बालकेन्द्रको कक्षाकोठाको अवस्था अझ नाजुक देखिएको छ । छुट्टै भवन हुनुको सट्टा विद्यालयकै कार्यालयको एक छेउमा बालबालिकालाई सामान्य गुन्द्रीमा राखेर पढाइ गरेको अवस्था छ । बालविकास केन्द्रको छुट्टै कक्षाकोठा छैन । कार्यालयको कक्षाकोठामानै पढाइने हुनाले कार्यालयमा होहल्ला हुने गर्छ र प्रशासन संचालनमा गाह्रो भएको कुरा प्रधानाध्यापकले व्यक्त गर्नु हुन्छ । समितिका अध्यक्षले विद्यालय निजीस्रोतबाट संचालन भएकोले विश्वासिलो भरपर्दो अवस्था छैन र कक्षा व्यवस्था गर्न नसकिएको व्यक्त गर्नुभएको छ । अभिभावकहरुबाट श्रमदान जुटाएर बनाएको कक्षाकोठा जीर्ण भएको र फेरि बनाउन नसकिरहेको अवस्था दर्शाएका छन् । अन्य कक्षाहरु सुरक्षाको हिसाबले नाजुक रहेको छ । बालबालिकाहरुलाई भरपर्दो कक्षाकोठामा राखेर अध्यापन गराउन नसक्नुमा सरकार दोषी रहेको कुरा अभिभावकहरु व्यक्त गर्दछन् । त्यसमा स्रोतव्यक्ति विद्यालय निरीक्षक कहिल्यै हाम्रो अवस्थालाई निरीक्षण गर्न आउँदैनन् । स्रोतव्यक्ति र विद्यालय निरीक्षक फोन मार्फत तथ्यांक मगाउँछन् साथै हामी अभिभावकलाई व्यवस्था गर्नुपर्ने नीति नियम थाहा नहुनाले यस्तो भएको हो भन्ने कुरा व्यक्त गर्छन् । महिला सहयोगी शिक्षकको व्यवस्था भए पनि भौतिक कक्षा व्यवस्था नभएकोले प्रभावकारी बालशिक्षा संचालन गर्नै गाह्रो रहेको छ ।

### ४.२.३ वल्याङ्ग बालविकास केन्द्रको कक्षाकोठाको अवस्था

वल्याङ्ग निम्नमाध्यमिक विद्यालय माङ्तेवा स्रोतकेन्द्र अन्तर्गत याफू गाउँ विकास समितिको वडा नं. ५ मा पर्दछ । यस बालकेन्द्रमा पनि छुट्टै भवन वा बालविकास केन्द्रको कक्षाकोठा छैन । यो केन्द्रका बालबालिकालाई पनि कार्यालयकै एक कुनामा सामान्य गुन्द्री ओछ्याएर भूँइ बसाइको व्यवस्था गरेको पाइयो । महिला सहयोगी शिक्षकको व्यवस्था भए पनि छुट्टै भवन र व्यवस्थित बालकक्षाकोठाको व्यवस्था नभएको कारण प्रभावकारी शिक्षण गर्न नसकेको अवस्था छ । विद्यालयको भवनहरु निर्माण भइरहेको हुँदा कक्षाकोठाहरु पर्याप्त छैन । अभिभावकबाट स्थानीय स्रोतसाधनबाट निर्माण गरिएको कक्षाकोठा जीर्ण भइ असुरक्षित रहेकोले बालविकास केन्द्रको कक्षाकोठाको अवस्थालाई व्यवस्थित गर्न नसकेको

हो भन्ने कुरा विद्यालयका प्रधानाध्यापक बताउनु हुन्छ । विद्यालयको नयाँ भवन निर्माण भइरहेकोले अर्को कक्षाकोठाको व्यवस्था नगरेको र भवन निर्माण सम्पन्न भइसके पछि त्यही भवनको कक्षाकोठामा व्यवस्था गर्ने कुरा समितिका अध्यक्ष र अभिभावकहरु व्यक्त गर्नु हुन्छ । खानेपानी र सरसफाइमा कार्यालयकै व्यवस्थाले स्तरवृद्धि भएको देखिए पनि स्वतन्त्र खेल्ने, कराउने, पढ्ने, लेख्ने, उफ्रने, नाच्ने, गाउने, खेलखेल्ने, सहज क्रियाकलाप गर्ने उपयुक्त एवम् खुल्ला प्रतिभा प्रष्फुटन गर्न सक्ने ठाउँ र अवसरबाट बञ्चित देखिएको छ । यो अप्ठ्यारो अवस्थालाई सुधार गर्न विद्यालयले छुट्टै र स्वतन्त्र, सुरक्षित बालकक्षाकोठाको व्यवस्थापनमा ध्यान पुऱ्याउनु जरुरी छ ।

माथिका अवस्थालाई हेर्दा सम्पूर्ण बालविकास केन्द्रको कक्षाकोठाको अवस्था नाजुक छ र सरोकारवालाहरुले यसको अवस्था सुधार गर्ने चासो नराखेको देखिएकोमा अभिभावक, समिति, विद्यालय प्रशासन एवम् सहयोगी शिक्षकले यसको समाधन गर्न छलफल गरी निश्कर्ष निकाल्ने कार्य गर्नु पर्दछ । कक्षाकोठाको राम्रो, सुविधायुक्त, सफा सुरक्षित औ मापदण्डहरु पूरा गर्नु जरुरी छ । बालबालिकाको शैक्षिक अवस्थालाई समेत वृद्धि विकास पर्ने देखिएको छ ।

### ४.२.४ प्रारम्भिक बालविकास केन्द्रको बालबालिकाको सङ्ख्याहरु

अध्ययनको लागि छनौट गरिएका सम्बन्धित बालविकास कक्षाका बालबालिकाहरुको सङ्ख्या समेत यहाँ उल्लेख गरिएका छन् । जसलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

जालपा बालविकास केन्द्रको बालबालिकाहरुको संख्या

| क्र.सं. | विद्यार्थीको नाम थर | जन्ममिति | आमाको नाम | बाबुको नाम |
|---|---|---|---|---|
| १ | सुस्मिता राई | २०६५।११।१२ | सरिता राई | धनकुमार राई |
| २ | आयुष राई | २०६६।१२।२२ | तोरनकुमारी राई | सुर्यबहादुर राई |
| ३ | मेलिना राई | २०६६।१०।२० | सुमना राई | मोहन राई |
| ४ | विवस राई | २०६७।११।१८ | बिनाकुमारी राई | तेजबहादुर राई |

| | | | | |
|---|---|---|---|---|
| ५ | शान्ति राई | २०६५।०६।२९ | राजकुमारी राई | टंकबहादुर राई |
| ६ | विनिता राई | २०६७।११।२९ | शान्तकुमारी राई | भिमबहादुर राई |
| ७ | सुशिल बि.क. | २०६७।०४।१६ | दिपकला बि.क. | धनजित बि.क. |
| ८ | सुदर्शन राई | २०६५।१२।२१ | समिता राई | राजकुमार राई |
| ९ | साहिन राई | २०६७।०४।१६ | चन्द्रकला राई | प्रदिप राई |
| १०. | पुष्प राई | २०६६।१२।१७ | सिता राई | झलकमान राई |
| ११ | एनोस राई | २०६७।०७।२४ | जसलक्षी राई | थमानसिं राई |
| १२ | सुशिला बि.क. | २०६७।०१।०१ | पुष्पा वि.क. | त्रिभुवन वि.क. |
| १३ | अपन राई | २०६८।०८।१८ | अम्बिका राई | पदम ब राई |

स्रोत : स्थलगत अध्ययन, २०७१

तालिका नं. ४

कन्या बालविकास कक्षाको विद्यार्थीहरुको संख्या

| क.सं. | विद्यार्थीको नाम थर | जन्ममिति | आमाको नाम | बाबुको नाम |
|---|---|---|---|---|
| १ | अर्निला राई | २०६६।११।२ | धनमाया राई | धर्मेन्द्र राई |
| २ | शुसन राई | २०६८।९।२१ | सरिता राई | कर्णकुमार राई |
| ३ | निशान वि.क. | २०६७।०८।१२ | पवित्रा वि.क. | बुद्धिबहादुर वि.क. |
| ४ | अभिनाश राई | २०६७।१२।८ | पर्वलक्ष्मी राई | हैकमसिं राई |
| ५ | महेश राई | २०६७।९।५ | बिमला राई | कमल राई |
| ६ | सुस्मिता राई | २०६६।७।१९ | बिमला राइ | उद्धव राई |
| ७ | सन्दिप राई | २०६६।५।२५ | चन्द्रमाया राई | भिमबहादुर राई |
| ८ | आसमाया वि.क. | २०६७।२।२५ | चमेली वि.क. | पूर्णबहादुर वि.क. |
| ९ | एलिस वि.क. | २०६८।१२।१ | मञ्जु वि.क. | पूर्णबहादुर वि.क. |
| १०. | इसुन राई | २०६६।७।२१ | सुमित्रा राई | इन्द्रबहादुर राई |

स्रोत : स्थलगत अध्ययन, २०७१

तालिका नं. ५

वल्याङ बाल विकास केन्द्रको विद्यार्थीहरुको संख्या

| क.सं. | विद्यार्थीको नाम थर | जन्ममिति | आमाको नाम | बाबुको नाम |
|---|---|---|---|---|
| १ | विपना कुलुङ्ग | २०६७।१०,१५ | मनिका राई | मनोज राई |
| २ | धनेन्द्र कुलुङ्ग | २०६६।११।१२ | डेक्चीमाया राई | अतमसिंह राई |
| ३ | दिवाना कुलुङ्ग | २०६६।५।२४ | खड्गीमाया राई | खड्गकुमार राई |
| ४ | सन्दिप कुलुङ्ग | २०६७।४।२२ | संगीता राई | कर्णबहादुर राई |
| ५ | राज कुलुङ्ग | २०६७।११।१२ | सविता राई | ललित राई |
| ६ | लोचन कुलुङ्ग | २०६८।११।१२ | धनीमाया राई | धनराज राई |
| ७ | टबि कुलुङ्ग | २०६७।०९।२० | मन्दिरा राई | गुरुप्रसाद राई |
| ८ | बर्षा थुलुङ्ग | २०६६।१०।२० | बन्धना थुलुङ्ग | रविन थुलुङ्ग |
| ९ | सञ्जिता कुलुङ्ग | २०६७।०१।०७ | सविता कुलुङ्ग | मनकुमार कुलुङ्ग |
| १०. | अनिष कुलुङ्ग | २०६८।१२।१३ | भैलक्षी राई | टेकबहादुर राई |
| ११ | पवित्रा वि.क. | २०६८।०७।१० | सीता वि.क. | अमृत वि.क. |
| १२ | प्रज्वल कुलुङ्ग | २०६९।१२।२० | जसमाया कुलुङ्ग | प्रवेश कुलुङ्ग |
| १३ | सुनिता कुलुङ्ग | २०६९।११।१५ | मनिता राई | मनोज राई |
| १४ | समिता थुलुङ्ग | २०६८।११।८ | सुक्कीमाया राई | चतुरध्वज कुलुङ्ग |
| १५ | एलिजा कुलुङ्ग | २०६९।०८।२२ | अमृता कुलुङ्ग | मदनदास कुलुङ्ग |

स्रोत : स्थलगत अध्ययन, २०७१

## ४.३ बालविकास केन्द्रको कक्षाकोठाको भौतिक अवस्था

अध्ययन अनुसन्धानको लागि छनौट गरिएका बालविकास केन्द्रमा गएर अध्ययन अवलोकन गर्दा बालविकास केन्द्रको कक्षाकोठा नै नभएको पाइयो । कक्षाकोठाको व्यवस्था भए पनि मापदण्ड विपरितको मात्र पाइएको छ । सरसफाइमा ध्यान नपुऱ्याइएको, आवश्यक भूँइबसाइको व्यवस्था नभएको, आवश्यकता अनुसार सुत्न सक्ने, उफ्रन, सामान्य क्रियाकलाप गर्न सम्म नसक्ने अवस्थाको छ । उपयुक्त फर्निचर जस्तै डेक्स-बेन्च, दराज,

टेवल, कालोपाटी, शैक्षिक सामग्री प्रयोग गर्ने ठाउँ नभएको, शुद्ध खानेपानी र सरसफाइ गर्ने व्यवस्था नभएको, र हावाहूरीबाट सुरक्षित नभएको अवस्था छ । जसलाई निम्नअनुसार तालिका मार्फत प्रस्तुत गरिएको छ :

तालिका नं. ६

बालविकास केन्द्रको कक्षाकोठाको भौतिक अवस्था

| क.सं. | बालविकास केन्द्र | छुट्टै कक्षा | बसाइको अवस्था | झ्यालढोका | डेक्सबेन्च | कालोपाटी | शैक्षिक सामग्री |
|---|---|---|---|---|---|---|---|
| १ | जालपा बालविकास केन्द्र | सामान्य १ वटा | डेक्सबेन्चमा | सामान्य ४ वटा | अस्वाभाविक ४ जोडी | सामान्य १ वटा | सामान्य |
| २ | कन्या बालविकास केन्द्र | छैन | भूँइ बसाइ | सामान्य २ वटा | गुन्द्री २ वटा | छैन | सामान्य |
| ३ | वल्याङ्ग बालविकास केन्द्र | छैन | भूँइ बसाइ | सामान्य २ वटा | गुन्द्री २ वटा | छैन | सामान्य |

स्रोत स्थलगत अध्ययन, २०७१

तालिका नं. ७

अन्य व्यवस्थाको अवस्था

| क.सं. | बालविकास केन्द्र | सहयोगी शिक्षक | खानेपानी | प्रयोग गर्न सक्ने चर्पी | क्रियाकलाप |
|---|---|---|---|---|---|
| १ | जालपा बालविकास केन्द्र | छ | छैन | सामान्य १ वटा | गर्न सक्ने |
| २ | कन्या बालविकास केन्द्र | छ | सामान्य | सामान्य १ वटा | गर्न नसक्ने |
| ३ | वल्याङ बालविकास केन्द्र | छ | सामान्य | सामान्य १ वटा | गर्न नसक्ने |

स्रोत : स्थलगत अध्ययन, २०७१

## ४.४ प्रारम्भिक बालविकास केन्द्रको शैक्षिक अवस्था

अध्ययन अनुसन्धानको क्रममा छनौटमा परेका बालविकास केन्द्रहरु शैक्षिक अवस्थालाई हेर्दा नाजुक अवस्था देखिएको छ। कुनै पनि बालविकास केन्द्रको पास प्रतिशत कम देखिएको छ। त्यसले शैक्षिक अवस्था कमजोर छ भन्ने देखिएको छ। जसलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ८


बालविकास केन्द्रको शैक्षिक अवस्था

| क.सं. | बालविकास केन्द्र | सफल | असफल | जम्मा | सफल प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जालपा बालविकास केन्द्र | ५ | ८ | १३ | ३८% |
| २ | कन्या बालविकास केन्द्र | ४ | ६ | १० | ४०% |
| ३ | वल्याङ्ग बालविकास केन्द्र | ५ | १० | १५ | ३३% |


स्रोत : प्रगति विवरण खाता, २०७१


उक्त माथिको तालिकालाई बृतचित्र र स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्दा,

स्तम्भ रेखा चित्र,



वृत्तचित्रमा देखाउँदा,




शैक्षिक अवस्था वृद्धि गर्नका लागि उपयुक्त शिक्षण सिकाइ चाहिन्छ। त्यसका लागि उपयुक्त कक्षाकोठाको व्यवस्था हुनु पर्दछ। त्यसैले बालविकासकेन्द्रले छुट्टै कक्षाकोठाको व्यवस्था गरी सुलभढंगले बालकक्षा संचालन गर्न विभिन्न संयन्त्र एवम् आवश्यक र आधारभूत मापदण्डहरु पूरा गर्नु पर्ने देखिएको छ।

## ४.५ प्रारम्भिक बालविकास केन्द्रको आर्थिक अवस्था

अध्ययन छनौटमा परेका बालविकास केन्द्रको सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालय मार्फत नेपाल सरकारबाट प्राप्त हुने सहयोग रकम बाहेक कुनै पनि बालविकास केन्द्रमा जिल्ला विकास समिति, गाउँ शिक्षा समिति तथा कुनै पनि संघसंस्था, दानदातव्य र चन्दादाताहरुबाट प्राप्त भएको छैन । साथै विद्यालयले पनि कुनै विद्यार्थीलाई उठाउने शुल्क समेत लिएको छैन । त्यसैले आर्थिक अवस्था नाजुक हुन गइ बालविकास केन्द्रको कक्षाकोठाको अवस्थालाई सुधार्न नसकेको यथार्थ देखिएको छ । आर्थिक अवस्था सम्बन्धि विवरण निम्न अनुसार तालिकीकरण गरिएको छ ।

तालिका नं. ९

प्रारम्भिक बालविकास केन्द्रको आर्थिक अवस्था

| क.सं. | बालविकास केन्द्र | तलब | अन्य आम्दानी | जोडकोष | शुल्क | संघसंस्था |
|---|---|---|---|---|---|---|
| १ | जालपा बालविकास केन्द्र | जि.शि.का. | छैन | छैन | छैन | छैन |
| २ | कन्या बालविकास केन्द्र | जि.शि.का | छैन | छैन | छैन | छैन |
| ३ | वाल्याङ्ग बालविकास केन्द्र | जि.शि.का. | छैन | छैन | छैन | छैन |

स्रोत : स्थलगत अध्ययन, २०७१

## ४.६ बालकक्षामा शैक्षिक सामग्रीको रखाइ र प्रयोगको अवस्था

प्रारम्भिक बालविकास केन्द्रको अध्ययन अवलोकन गर्दा छुट्टै कक्षाकोठाहरु नभएकोले शैक्षिक सामग्रीहरुको प्रयोग स्वतन्त्र र आवश्यक मात्रामा प्रयोग गर्न नसकिएको अवस्था छ । जालपा बालविकास केन्द्रको कक्षाकोठाहरुको भित्ताहरु भत्किएको, ठाउँको अभाव देखिएकोले शैक्षिक सामग्री प्रयोगमा कठिनाइ देखिएको छ । कन्या बालविकास केन्द्रको कक्षाकोठा र वल्याङ बालविकास केन्द्रको बालकक्षा छुट्टै नभएकोले कार्यालयकै भित्तामा राखेर सामान्य प्रयोग गरिएको पाइयो । विभिन्न शैक्षिक विषयसँग विषयसँग सम्बन्धि फ्लासबोर्डहरु, खेल्ने

सामग्रीहरुको व्यवस्था गरेको पाइए पनि प्रभावकारी ढंगबाट शिक्षण सिकाइमा उपयोग गर्न नसकिएको पाइयो । दराजमाथि नदेखिने गरी पोका पारेर राखिएको, कुनै सामग्री दराजभित्र राखेको र कुनै अस्तव्यस्त छरिएको पाइयो । जालपा बालविकास केन्द्रमा माथिल्लो कक्षाका विद्यार्थीहरुले विभिन्न शैक्षिक सामग्रीहरु बनाएर संकलन गरेको देखिएता पनि त्यसलाई शिक्षण सिकाइमा पुनः प्रयोग नगरिएको र त्यसलाई संरक्षणको खाँचो परेको देखिएको छ ।

शिक्षण सिकाइमा शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षणलाई प्रभावकारी बनाउन, शिक्षकलाई सम्बन्धित पाठ सरल-सहज तरिकाले शिक्षण गराउन तथा बालबालिकाले पाठसंग सम्बन्धित ज्ञान स्थायी रुपमा धारण गर्न शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । त्यसैले अध्ययन-अध्यापनमा शैक्षिक सामग्रीको आवश्यकता पर्ने हुनाले प्रत्येक बालविकास केन्द्रहरुले समेत आफ्नो बालकक्षाको अवस्थालाई सुधार गर्न शैक्षिक सामग्रीको उचित व्यवस्था, प्रयोग र रखाइमा आवश्यक ध्यान दिनु जरुरी देखिएको छ ।

## ४.७ बालविकास कक्षाको अवस्था सम्बन्धि कठिनाइहरु र समाधानको उपाय

बालविकास संचालनमा देखिएका अप्ठ्यारोहरुलाई यहाँ कठिनाइको रुपमा परिभाषित गरिएका छन् । त्यसैले कक्षा संचालन गर्दा देखिएको सम्पूर्ण अप्ठ्यारोहरुलाई कक्षाको अवस्था सम्बन्धि कठिनाइ भनिन्छ ।

यहाँ प्रारम्भिक बालविकास केन्द्रहरु स्थापना गरी बालकक्षा संचालन प्राय प्रत्येक माध्यमिक र निम्न माध्यमिक विद्यालयमा संचालनको सुरुवात गरेको देखिन्छ तर आधारभूत मापदण्ड विपरित संचालन भएको पाइयो । विद्यालयमा बालकक्षा संचालन गर्नु पर्ने सरकारी नीति पनि छ तर विद्यालयको आन्तरिक कोष कमजोर भएकोले राम्रो व्यवस्था गर्न नसकेको र भौगोलिक विकटताले गर्दा त्यसको निरन्तर निरीक्षण गर्न नसकेको कठिनाइ स्रोतव्यक्ति बताउनु हुन्छ ।

बालविकास केन्द्रमा बालबालिका थोरै देखिनु पनि एक कठिनाइको रुप हो । अभिभावक शिक्षित हुदै गएकोले धेरै केटाकेटी जन्माउन छोड्नु, जन्मेकाहरुलाई पनि संस्थागत

स्कूलहरुमा भर्ना गर्नु एक समस्याको रुपमा देखिएको छ । विद्यालयको बालविकास केन्द्रहरुमा कक्षाकोठाको राम्रो प्रबन्ध र शिक्षण सिकाइमा प्रभावकारिता नहुनु, बालकक्षाको छुट्टै भवन वा कक्षाकोठा नहुनु, भए पनि हावाहुरी, घामपानीबाट सुरक्षित नहुनु, भूकम्पीय दृष्टिकोणले सुरक्षित नहुनु, भएको कक्षाकोठामा सरसफाइ, राम्रो र उपयुक्त भूइँबसाइ, उपयुक्त फर्निचरको व्यवस्था नहुनु, सहयोगी शिक्षकको तलबमान कम भएकोले शिक्षणप्रति उदासिनता हुनु, बालकक्षाको सहयोगी शिक्षकमा कम शिक्षा प्राप्त व्यक्ति, आफ्नो व्यक्ति राख्ने प्रवृत्तिले शिक्षण गर्नै नसक्ने, बालबालिकाको मनोविज्ञान नै नबुझ्ने कोरा व्यक्तिहरुलाई नियुक्ति गरेकोले यो समस्याहरु देखिएको छ । विद्यालयले यस्ता नियुक्तिमा आफ्नो व्यक्तिहरु राख्छन् र काममा निर्देशन दिने बेलामा “आफ्नै मान्छे हुन् के भन्नु पनि ! भनेर निर्देशन गर्नै नसकेको हुतिहारा प्रवृति देखिएकोले पनि यी कठिनाइहरु आएको हो । विद्यालयको बालविकास केन्द्रको कक्षाकोठामा झ्याल ढोका छैन, भुँइबसाइको व्यवस्था छैन, हातधुने र खानेपानीको व्यवस्था छैन । बालबालिकालाई ठीक समयमा सुत्ने व्यवस्था, खेल्ने व्यवस्था छैन । बालबालिकाले प्रयोग गर्न सक्ने चर्पी, धारा, फर्निचरको व्यवस्था छैन । स्वतन्त्र, खुला खेल्ने, घुम्ने खेलमैदान र बगैंचाहरु छैन । खाजा खाने व्यवस्था छैन । बालविकासका सहयोगी शिक्षकलाई विद्यालयले थप तलब दिन नसक्नु, अन्य सुविधा दिन नसक्नु साथै बालकक्षाका सहयोगी शिक्षकलाई विद्यालयका अन्य शिक्षकले सहयोग नगर्ने गरेको कुरा जालपा बालविकास केन्द्रका सहयोगी शिक्षक भन्नु हुन्छ ।

भौगोलिक विकटताले गर्दा सानासाना केटीकेटीहरु बालविकासमा पढाउन नसकेको र सहरबजारमा दाजुदिदीसंग बसेर पढोस् बोर्डिङ स्कुलको पढाइ राम्रो हुन्छ साथै दाजुदिदीको साथमा रेखदेख हुन्छ भन्ने कुरा अभिभावकहरु व्यक्त गर्दछन् । बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन समिति नरहेको, पुनर्गठन हुन नसकेको विद्यालयको प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवाला अभिभावक तथा समुदायमा बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुदृढ गर्ने सम्बन्धि ज्ञानको कमी भएको बालबालिकाको नियमिततामा कमी, शिक्षक र अभिभावकमा अपनत्वको कमी हुनुका साथै कक्षाव्यवस्थापन गर्ने स्थानीय संयन्त्रहरु नहुनु गाउँ शिक्षा समिति बालकक्षाको कक्षा व्यवस्थापनप्रति उत्तरदायी नहुनु जस्ता कठिनाइहरु रहेका छन्। ती कठिनाईहरुलाई बुँदागत रुपमा तल देखाइएका छन् :

१. छुट्टै भवन वा कक्षाकोठा नभएको ।

२. भएको कक्षा पनि सरसफाइ नभएको ।

३. सहयोगी शिक्षकको मनोवैज्ञानिक क्षमतामा कमी भएको ।

४. भौतिक पूर्वाधारमा कमी हुनु ।

५. विभिन्न व्यवस्थापन सञ्जालहरु नहुनु ।

६. अभिभावकले बालशिक्षाको कक्षा व्यवस्थापनमा ध्यान नदिएको ।

७. विद्यालयले बालकक्षाको व्यवस्थापनमा लगानी गर्न नसकेको ।

८. कक्षा व्यवस्थापनमा आएका कठिनाइहरु सम्बन्धी छलफल नगरिएको आदि ।

## ४.८ बालकक्षाको कक्षाकोठाको अवस्था सुधार्न देखिएका कठिनाइको समाधानका उपायहरु

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा भनेको महत्वपूर्ण स्थान हो । बालबालिकाको लागि जबसम्म कक्षाकोठा उपयुक्त बनाउन सकिँदैन, तब सम्म उद्देश्यपूर्ण र अर्थपूर्ण सिकाइ हुन सक्दैन । कक्षा सञ्चालनमा बालविकास केन्द्रको आधारभूत मापदण्डले मागे अनुसारको आवश्यकता पूरा गर्नु पर्ने हुन्छ । तर ती मापदण्डहरु पूरा नभएकोले समस्याहरु उत्पन्न भएका छन् । ती कठिनाइहरुलाई सुधार गर्न निम्न उपायहरु सुझाउनु पर्दछ ;

१. उपयुक्त कक्षाकोठाको व्यवस्था गर्नुपर्छ ।

२. उपयुक्त भूँइबसाइ वा फर्निचरको व्यवस्था गर्नु ।

३. सरोकारवालाबीच अन्तरक्रियाहरु गर्नु ।

४. सहयोगी शिक्षकलाई उपयुक्त निर्देशन दिनु ।

५. शैक्षिक सामग्रीहरुको उपयुक्त व्यवस्था गर्नु ।

६. सहयोगी शिक्षकलाई तालिमहरु दिनु ।

७. पाठ्यक्रम र सिकाइबीच तादाम्यता मिलाएर शिक्षण गर्नु ।

८. कक्षाकोठामा मनोवैज्ञानिक वातावरण स्थापना गर्नु ।

९. बालकेन्द्रित शिक्षण क्रियाकलापमा बढी जोड दिनु ।

१०. मूल्याकंन प्रणलीमा सुधार गर्नु ।

११. अन्य शिक्षक, अभिभावक र समितिलाई जागरुक बनाउनु ।

१२. अनुगमन तथा निरीक्षणको व्यवस्था गर्नु ।

अध्ययन अनुसन्धानका लागि छनौट गरिएका बालविकास केन्द्रको कक्षाकोठाहरु व्यवस्थित नभएको हुँदा व्यवस्था गर्नु पर्नेछ । कक्षाकोठा न्यूनतम मापदण्ड मार्गदर्शन निर्देशिका २०६७ अनुसार बालकक्षाको कक्षाकोठा १८×१६×८ फिटको हुनु जरुरी हुन्छ । कक्षाकोठाको झ्यालढोका, फर्निचर उपयुक्त हुनु पर्दछ । बालबालिका छिट्टो थाक्ने, गल्ने हुँदा उपयुक्त भूँइबसाइको व्यवस्था गर्नुपर्दछ । बालकक्षाको कक्षाकोठाको अवस्था सुधार कसरी गर्ने भन्ने सम्बन्धमा सरकोकारवालाहरुबीच अन्तरक्रिया गरेर साझा साझेदारीमा निश्कर्ष निकाली सामुहिक रुपमा समाधानको प्रयास तर्फ लाग्नु पर्दछ । सहयोगी शिक्षकलाई नियुक्ति दिँदा बौद्धिकताको आधारमा सक्षम, योग्य र लगनशील, कर्तव्यनिष्ठ व्यक्तिलाई छान्नु पर्दछ । शिक्षणमा लाग्न विद्यालयका प्रशासकले ठाडो निर्देशिन दिन सक्नु पर्दछ । निर्देशन गरिसके पछि सम्बन्धित पक्ष वा निकायबाट मूल्यांकन र निरीक्षण गरी आवश्यक सरसहयोग, सल्लाह पनि दिन सक्नु पर्दछ ।

कतिपय बालकक्षाका सहयोगी शिक्षकहरुलाई के पढाउने, के सिकाउने भन्ने बारे अष्पष्ट हुन जान्छ । त्यस्तो अवस्थामा पाठ्यक्रमसंग सम्बन्धित भएर शिक्षणमा तालमेल मिलाएर शिक्षण गर्ने निर्देशन विद्यालय प्रशासनले दिनु पर्दछ भने सहयोगी शिक्षकले पनि जागरुक भएर कसरी शिक्षण गर्ने भनेर चिन्तन मनन गर्दै उपयुक्त विधि अपनाउनु पर्दछ । सहयोगी शिक्षकले बालबालिका कसरी, के, कति पढ्न, खेल्न, हाँस्न, बोल्न, खेल्न, उफ्रन वा रमाउन चाहान्छन् सोही अनुसार बालबालिकाको मनोविज्ञानलाई बुझेर रमाइलो र खुला अभिव्यक्ति दिनसक्ने वातावरणको सिर्जना गरी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्नु पर्दछ । बालबालिकालाई अभिनय गराएर, लेख्न, पढ्न, खेलखेलाएर, नाटकिय ढंगबाट विद्यार्थी केन्द्रीत विधिमा शिक्षण गर्नु उपयुक्त हुन्छ । यी सम्पूर्ण पक्षको आधारमा मूल्यांकन गरी विद्यार्थीको स्तर निर्धारण गर्नु उपयुक्त हुन्छ ।

प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्न सिक्ने र सिकाउने पक्षको प्रयासले मात्र हुदैन । यसमा त सम्पूर्ण विद्यालय प्रशासन, अन्य शिक्षक, विद्यालय

व्यवस्थापन समिति, अभिभावक तथा निरीक्षणका जिम्मेवार व्यक्तिहरुको संयुक्त प्रयास रहनु पर्दछ । विद्यालय प्रशासनले कक्षाको अवस्था सुधार सम्बन्धी सरोकारवालाहरुलाई अन्तरक्रिया गरी निश्कर्ष निकाल्न लगाउने, विद्यालय स्तरमा, गाउँस्तरमा व्यवस्थापन संयन्त्रहरु बनाउन लगाइ कार्यन्वयनमा लगाउनु पर्छ । निरीक्षणका लागि व्यवस्था गरिरहनु पर्दछ र निरीक्षणबाट प्राप्त भएका कमिकमजोरीहरुलाई सुधार्ने प्रयास गरिरहनु पर्दछ ।

# परिच्छेद पाँच :
# निश्कर्ष र सुझावहरु

## ५.१ निश्कर्ष

बालविकासकेन्द्रहरु बालबालिकाको भविष्य निर्माणका लागि महत्वपूर्ण ठानेर सरकारले लागू गरेको हो । त्यसलाई व्यवस्थित गरी प्रभावकारी रुपमा संचालन गर्ने जिम्मेवारी स्थानीय समुदायको हो । स्थानीय स्तरमा नै व्यवस्थापन सम्बन्धि संयन्त्रहरु निर्माण गरी बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार गर्ने सम्बन्धमा अन्तरक्रियाहरु गर्दै सामुहिक निश्कर्ष खोज्नु र सोही अनुसार कार्यन्वयन गर्न सके उद्देश्यहरु पूरा हुन्छ । त्यसका लागि निरन्तर अनुगमनको समेत आवश्यकता पर्दछ । सम्बन्धित पक्षहरुबीच राम्रो वैज्ञानिक व्यवस्थापन, मानव सम्बन्ध सिद्धान्त र मन्टेश्वरी शिक्षण विधिका आधारमा ज्ञान प्रसारण गरी सोही अनुरुप व्यवस्थापनमा लागेर उद्देश्य पूरा गर्नुपर्छ ।

प्रारम्भिक बालविकास केन्द्रको कक्षकोठाको भौतिक अवस्थालाई सुधार्नु पर्ने आवश्यकता मुख्य देखिएको छ । भौतिक अवस्थालाई सुधार्न विद्यालय र अभिभावकबाट प्रयास गरिरहनु पर्दछ । सरकारको भर मात्र पर्नु हुँदैन । सहयोगी शिक्षकलाई सही निर्देशन दिइ शिक्षक स्वयम्ले समेत सफल बालमनोविज्ञानको मर्म अनुसार शिक्षण गर्नसक्नु पर्दछ । बालकक्षा सफा, सुविधायुक्त उचित भूँइबसाइ र फर्निचरहरुको व्यवस्था गर्नुपर्छ । घामपानी, हावाहूरीबाट र भूकम्पीय दृष्टिकोणले सुरक्षित हुनु पर्दछ । बालकक्षाको कक्षाकोठा छुट्टै व्यवस्था गर्नु पर्दछ र स्वतन्त्र, खुल्ला अभिव्यक्ति व्यक्त गर्न सक्ने वातावरण उत्पन्न गर्दै शैक्षिक वातावरण निर्माण गर्नु सम्बन्धित सहयोगी शिक्षक, प्रधानाध्यापक, अन्य शिक्षक, समिति, अभिभावकले र निरीक्षक वा स्रोतव्यक्तिको जिम्मेवारी हो ।

## ५.२ सुझावहरु

“प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको अवस्था” सम्बन्धमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त निश्कर्षका आधारमा निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

(अ) नीतिगत तहका लागि

क) नीतिगत सिमिततामा नरही कार्यन्वयनमा जोड दिनुपर्छ ।

ख) बालकक्षा संचालन सम्बन्धी नीति तर्जुमा गरी कार्यन्वयन गर्नु पर्दछ ।

ग) बालकक्षा सम्बन्धी सन्जाल निर्माण गरी व्यवस्थित गराउनु पर्छ ।

घ) सम्पूर्ण बालकेन्द्रलाई विद्यालयको संरचना भित्र राखेर विकास गराउनु पर्छ ।

ङ) सहयोगी शिक्षकको छनौट जिल्लामा गराउने नीति हुनु पर्छ ।

च) बालबालिकाको स्वास्थ्य खाजाको व्यवस्था सरकारले गर्नु पर्दछ ।

(आ) कार्यान्वयन तहका लागि

क) बालविकास सम्बन्धी प्राविधिकरण गोष्ठी संचालनको सूचना गर्ने ।

ख) सम्बन्धित निकायले बालविकासको महत्वबारे व्यापक प्रचार गर्नु पर्छ ।

ग) अभिभावकलाई बालविकासको केन्द्रको अनुगमन गर्न प्रोत्साहन गर्नु पर्छ ।

घ) विद्यालयले अभिभावकसँग समन्वय गरी बालबालिकाको लागि खाजाको व्यवस्था गर्ने ।

ङ) बालकक्षा सम्बन्धी निरीक्षण निरन्तर भइरहनु पर्दछ ।

च) सहयोगी शिक्षकको सेवासुविधामा आकर्षक वृद्धि गरिनु पर्दछ ।

(इ) अनुसन्धान तहका लागि

क) विद्यालयमा आधारित र समुदायमा आधारित बालकक्षाको शैक्षिक अवस्थाको तुलना,

ख) प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठामा भुइँबसाईको प्रभावकारिता,

ग) प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठाको स्तरीयता,

घ) प्रारम्भिक बालविकास केन्द्रको बालबालिकाको उपस्थिति

ङ) प्रारम्भिक बालविकास केन्द्रको शिक्षाको प्रभावकारिता,

च) प्रारम्भिक बालविकास केन्द्रमा खाजा व्यवस्थापनको अवस्था ।

# सन्दर्भसूची


१. अधिकारी, देवराज र ध्रुवलाल पाण्डे (२०६७), ***अनुसन्धान पद्धति,*** काठमाण्डौ, सनराइज पब्लिकेशन्स प्रा.लि. ।

२. कन्या वाल विकास केन्द्रको ***विद्यालयको प्रगति विवरण खाता, २०७१*** ।

३. काफ्ले, वासुदेव र गिरीराज पौडेल (२०६४), ***शैक्षिक व्यवस्थापन र संठगनात्मक व्यवहार,*** काठमाण्डौ : जुपिटर पब्लिकेशन प्रा.लि., कीर्तिपुर ।

४. खनाल, पेशल (२०६७), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

५. जालपा वाल विकास केन्द्रको ***विद्यालयको प्रगति विवरण खाता, २०७१*** ।

६. नेपाल सरकार, शिक्षा मन्त्रालय, ***प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका (२०६७),*** भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

७. पोखरेल, मोहनमणी, **प्रारम्भिक बाल्यवस्था विकासको सिद्धान्त** ।

८. ***प्रारम्भिक बालविकास कार्यक्रम संचालन निर्देशिका (२०६१),*** शिक्षा विभाग ।

९. राउत, उमेशकुमार (२०७०), ***प्रारम्भिक बालविकास केन्द्रको अनुगमन,*** बरुण बहुमुखी क्याम्पस, स्नातकोत्तर तह द्धितीय वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको शोधपत्र ।

१०. राई, वसन्ती (२०७०), ***प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन,*** धनकुटा बहुमुखी क्याम्पस, स्नातकोत्तर द्धितिय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको शोधपत्र ।

११. वल्याङ्ग वाल विकास केन्द्रको ***विद्यालयको प्रगति विवरण खाता, २०७१*** ।

# अनुसूची : एक

## प्रधानाध्यापका लागि प्रश्नावली

१. प्रारम्भिक बालकक्षाको कक्षाकोठाको अवस्था भन्नाले के बुझ्नु हुन्छ ?

२. प्रारम्भिक बालकक्षाको अवस्था कस्तो हुनु पर्छ ?

३. प्रारम्भिक बालकेन्द्रको कक्षाकोठाको अवस्था कस्तो छ ?

४. बालकक्षाको अवस्था सुधार गर्न के के कठिनाइहरु छन् ?

५. बालकक्षाको अवस्था सुधार्न के के योजना निर्माण गर्नु भएको छ ?

६. बालकक्षाको अवस्था सुधार्न के के उपायहरु अवलम्बन गर्नुभएको छ?

७. बालकक्षाको अवस्था सुधार्न नसक्नुका कारणहरु के के छन् ?

८. बालकक्षाको अवस्था सुधार्न क-कसको सहायता लिनु भएको छ ?

९. बालकक्षाको अवस्था सुधार गर्ने सम्बन्धमा कार्यशाला गोष्ठी संचालन गर्नु भएको छ?

१०. बालकक्षाको अवस्था सुधार सम्बन्धी निरीक्षणहरु भएका छन् ?

# अनुसूची : दुई

## प्रधानाध्यापकका लागि प्रश्नावली

१. प्रारम्भिक बालकक्षाको अवस्था सुधार्न कस्तो भूमिका खेल्नु भएको छ ?

२. बालकक्षाको अवस्था सुधार्न के-कस्ता अप्ठ्याराहरु छन् ?

३. विद्यालय प्रशासनबाट सेवासुविधा र कस्तो सहयोग प्राप्त गर्नु भएको छ ?

४. बालकक्षाको अवस्थाबारेमा क-कसले निरीक्षण, अनुगमन गरेका छन् या छैनन् ?

५. बालकक्षाको अवस्था सुधार गर्न कुन पक्षको कस्तो भूमिका हुनुपर्दछ ?

६. बालकक्षालाई प्रभावकारी बनाउन कस्तो शैक्षिक सामग्री प्रयोग गर्नु भएको छ ?

७. बालकक्षाको बसाइ सम्बन्धि कस्तो भूमिका खेल्नु भएको छ ?

८. बालकक्षाको अवस्था सुधार गर्न कुन विधि अपनाउनु पर्ला ?

९. बालबालिकाको अवस्था सुधार गर्न कुन विधि अपनाउनु पर्ला ?

१०. बालबालिकाको नियमितताको लागि कस्तो व्यवस्था गर्नुपर्ला ?

## अनुसूची : तीन

## व्यवस्थापन समितिका लागि प्रश्नावली

१. बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार्न कस्तो पहल गर्नुभएको छ ?

२. बालकक्षाको कक्षाकोठा व्यवस्थित गर्ने बारे कार्यशालामा सहभागी हुनुभएको छ /छैन ?

३. बालकक्षाको अवस्थाबारे निरीक्षण-अनुगमन गर्नु भएको छ ?

४. तपाईको विचारमा बालकक्षाको व्यवस्था कस्तो हुनुपर्छ ?

५. बालकक्षाको अवस्था सुधार गर्ने सम्बन्धमा कस्को बढी जवाफदेहिता होला?

६. बालकक्षाको अवस्था सुधार गर्ने बारे अन्यसंस्था वा माथिल्लो निकायबाट सहयोग पाउनु भएको छ ?

७. स्थानीय स्तरबाट बालकक्षाको स्तर उन्नती गर्न सकिएला की नसकिएला?

८. बालविकास कक्षा सम्बन्धी अभिभावकको कस्तो धारणा हुनु पर्छ ?

९. बालकक्षा संचालनका लागि कस्तो वातावरण चाहिएला?

१०. बालकक्षाको अवस्था सुधार गर्ने बारे कस्तो भावी योजना बनाउनु भएको छ ?

# अनुसूची : चार

## अभिभावकका लागि प्रश्नावली

१. तपाईलाई बालकक्षाबारे जानकारी छ ?

२. बालकक्षाको कक्षाकोठाको अवस्था कस्तो छ ? हेर्नुभएको छ ?

३. बालकक्षाको कक्षाकोठा कस्तो हुनु पर्छ ?

४. बालकक्षाको कक्षाकोठाको अवस्था सुधार गर्न के के गर्नु पर्ला ?

५. बालकक्षाको कक्षाकोठाको अवस्था सुधार गर्ने कस्को जिम्मेवारी हो ?

६. के गर्‍यो भने बालकक्षाको अवस्था सुधार गर्न सकिन्छ ?

७. बालकक्षाको अवस्था सुधार गर्नेबारे कार्यशाला गोष्ठीमा सहभागी हुनु भएको छ ?

८. बालकक्षाको कक्षाकोठा सुधार गर्न तपाईले कस्तो सहयोग गर्नु भएको छ ?

९. सम्बन्धित निकायबाट बालकक्षाको अवस्था बारे निरीक्षण गर्न आएको थाहा छ ?

१०. बालकक्षाको कक्षाकोठाको अवस्था सुधार्ने बारे अभिभावकले कस्तो सहयोग गर्नसक्छ ?

# अनुसूची : पाँच

## स्रोतव्यक्ति/निरीक्षकका लागि प्रश्नावली

१. बालकक्षाको कक्षाकोठाको अवस्था बारे कस्तो जानकारी राख्नु भएको छ ?

२. कुनै बालविकास केन्द्रको कक्षाकोठाभित्र प्रवेश गर्नु भएको छ ?

३. बालकक्षाको अवस्थाबारे निरीक्षण कसरी भइरहेको छ ?

४. बालविकास केन्द्रहरुको तथ्यांकबारे जानकारी राख्नु भएको छ ?

५. बालविकास केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्ने भूमिका कस्को हो ?

६. कसो गर्दा बालविकास केन्द्रको कक्षाकोठाको अवस्था सुधार गर्न सकिन्छ ?

७. बालकक्षाको कक्षाकोठाको अवस्था सुधार गर्न कुन आवश्यकतालाई पूरा गर्नुपर्ला ?

८. बालकक्षाको कक्षाकोठाको अवस्था र त्यसको स्तरउन्नती सम्बन्धी गोष्ठीहरुमा सहभागी हुनुभएको छ?

९. बालकक्षाको कक्षाकोठाको अवस्था सुधार गर्ने बारे कस्तो सहयोग गर्नु भएको छ ?

१०. बालविकास केन्द्रको कक्षाकोठाको अवस्थाबारे सम्बन्धित निकायलाई कसरी जानकारी गराउनु भएको छ ?

# अनुसूची : छ

## बालबालिकाको लागि प्रश्नावली

१. तिम्रो नाम के हो ?

२. स्कूलदेखि तिम्रो घर कति टाढा छ ?

३. स्कूलसम्मको सँग आउँछौ ?

४. तिमी दिनहुँ स्कुल आउँछौ कि आउँदैनौ ?

५. दिउँसो भोक लाग्दा तिमी के खान्छौ ?

६. खानेकुरा कस्ले दिन्छ ?

७. कक्षामा झोला, किताब कहाँ राख्छौ ?

८. कक्षा कोठा सफा छ कि फोहर छ ?

९. कक्षामा बेन्चमा कस्छौ कि भूँइमा ?

१०. स्कूलमा नयाँ सरहरु आएर कार्यक्रम गर्नुहुन्छ कि गर्नुहुन्न ?

# अनुसूची : सात

## अन्तर्वार्ता सूची

| क.सं. | विवरण | संख्या | किसिम | बालविकास केन्द्रहरु |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | अन्तर्वार्ता/प्रश्नावली | जालपा बालविकास केन्द्र<br>कन्या बालविकास केन्द्र<br>वल्याङ्ग बालविकास केन्द्र |
| २ | सहयोगी शिक्षक | ३ | | |
| ३ | समिति अध्यक्ष | ३ | | |
| ४ | अभिभावक | ६ | | |
| ५ | बालबालिका | ६ | | |
| ६ | स्रोतव्यक्ति | १ | | |